# वार्षिक प्रगति प्रतिवेदन

## (आ.व. २०७४/०७५)










# पुष्प विकास केन्द्र

## गोदावरी, ललितपुर







# वार्षिक प्रगति प्रतिवेदन

## (आ.व. २०७४/७५)


प्रदेश सरकार

**३ नं. प्रदेश**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**कृषि विकास निर्देशनालय**

## पुष्प विकास केन्द्र, गोदावरी

**फोन : ०१-५१७४२६०**

**Email :** pbkgodawari@gmail.com

# दुई शब्द

भौगोलिक क्षेत्रका आधारमा स्थापना गरिएका विभिन्न वागवानी फर्म/केन्द्रहरू मध्ये एउटा केन्द्रको रूपमा २००८ सालमा यस केन्द्रको स्थापना भएको हो । शुरूका दिनहरूमा वागवानी फार्मको नामबाट परिचित यस केन्द्रले फलफूल तथा आलंकारिक फूलहरूको अध्ययन परिक्षण/बीउ बेर्ना उत्पादन तथा वितरणका कामहरू गर्दै आएको छ । उच्चस्तरीय पुष्प तथा आलंकारिक विरूवा तथा फलफूलका कलमी तथा विजु विरूवा एवम प्राविधिक सेवा कृषकहरूलाई उपलब्ध गराउने फूल खेतीलाई व्यवसायीकरण गरी कृषकहरूको आयस्तर बढाउन, बढ्दो शहरीकरणलाई सुन्दर, सफा र हराभरा बनाउन सर्वसाधारणमा जनचेतना अभिवृद्धि गर्ने, बागवानीमा आधारित साना तथा मझौला उद्योगहरू स्थापना गराउन सहयोग पुराई रोजगारीका अवसरमा बृद्धि गराउने, गरीवी निवारणमा टेवा दिने, भू-क्षय तथा प्रदुषण आदिबाट बचाई वातावरण संरक्षणमा सहयोग पुऱ्याउने आलंकारिक तथा फलफूल विरूवाको जर्मप्लाज्म संकलन संबर्द्धन गर्दै पुष्प तथा पुष्पजन्य बालीहरूको उत्पादन एवम् उत्पादकत्व बढाई आयात प्रतिस्थापन गर्नुका साथै निर्यात प्रबर्द्धन गर्ने जस्ता पवित्र उद्देश्यका साथ वि.सं. २०६० सालदेखि नेपाल सरकारको निर्णय अनुसार पुष्प विकास केन्द्र गोदावरीको नाममा आफ्नो गतिविधिहरू सञ्चालन गर्दै आईरहेको थियो ।

हाल देशमा संघीयता लागु भए पश्चात सांगठनिक संरचनामा परिवर्तन भए बमोजिम आ.व. २०७५/०७६ देखि यस पुष्प विकास केन्द्रले प्रदेश सरकार, ३ नम्बर प्रदेश अन्तर्गत रही कार्यक्रमहरू गर्दै आईरहेको छ । पुष्पव्यवसायको प्रवर्द्धन, विस्तार एवं दिगो र व्यवस्थित पुष्प तथा पुष्पजन्य वस्तुको उत्पादन तथा विस्तारको लागि नेपाल सरकारबाट मिति २०६९।८।२९ मा “पुष्प प्रबर्द्धन नीति २०६९” तथा पुष्प प्रबर्द्धन नीति कार्यान्वयन कार्यविधि २०७२ स्वीकृत भई सकेको अवस्थामा हाम्रा सामु यस व्यवसायको विस्तारका लागि प्रशस्त सम्भावना र चुनौतीहरू रहेका छन् ।

पछिल्ला दिनहरूमा द्रुत गतिमा विकास हुँदै गएको शहरीकरण र जनचेतनानमा आएको परिवर्तनका कारण दैनिक आवश्यकीय वस्तुको एउटा अंशको रूपमा पुष्प बालीलाई लिइएको पाईन्छ । मौसमी/सदावहार फूलका र आलंकारिक विरूवाहरू घर सजावट साथै पुष्प व्यवसायीहरूले मुख्य पेशाको रूपमा अँगाल्दै दैनिक जीवन यापन गर्न र कटफ्लावरहरू (गुलाफ, कार्नेशन, जरवेरा, ग्लाडुलस) विदेश निर्यात गर्न समेत व्यवसायीहरू सफल हुँदै गएको वर्तमान अवस्था रहेको छ ।

यस केन्द्रले पुष्प व्यवसायमा संलग्न व्यवसायी/उद्यमीहरूलाई स्थलगत तालिम, सिजनअनुसार फूलका बेर्ना उत्पादन गरी बीउ बेर्ना उपलब्ध गराउँदै आएको छ । केन्द्रले स्कूल हर्टिकल्चर, जर्मप्लाज्म संरक्षण संबर्द्धन, माउबोट संकलन संबर्द्धन, अध्ययन परीक्षण तथा केन्द्रको प्रभाव क्षेत्र अन्तरगत रहेका जिल्लाहरूमा पुष्प व्यवसायी र नीजि नर्सरीहरूको नियमित रूपले अनुगमन गर्ने कामहरू गर्दै आएको छ। यिनै विषयवस्तुहरूलाई समेटेर यस केन्द्रले आ.व. ०७४/०७५मा सञ्चालन गरेका कृयाकलापहरूलाई समाहित गरि पुस्तिकाको रूपमा प्रकाशित गर्ने जमर्को गरेको छ । यस पुस्तिकाको थप परिमार्जन र सुधारका लागि अग्रज वागवानीविज्ञ, पाठकवृन्द र सरोकारवाला निकायहरूसँग सुझावको अपेक्षा राख्न चाहन्छु ।

यस केन्द्रको स्वीकृत वार्षिक कार्यक्रमअनुसार समयमै कार्य सम्पादन गर्न अहोरात्र खट्नुहुने केन्द्रका प्राविधिक तथा प्रशासनिक सम्पूर्ण कर्मचारीहरू र पुस्तिका प्रकाशनका क्रममा विषयवस्तु संकलन तयारी र प्रकाशनमा खट्नुहुने वागवानी विकास अधिकृत श्री ताराचन्द्र चौधरीलगायत सवैलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

**– रिती सिंह**
केन्द्र प्रमुख

# विषय सूची

## खण्ड १
## परिचयात्मक विवरण


१.१ परिचय ........ १
१.२ भौगोलिक स्थिति ........ १
१.३ हावापानी ........ १
१.४ माटो ........ २
१.५ सिंचाई ........ २
१.६ केन्द्रको क्षेत्रफल र भू-उपयोग ........ २
१.७ उद्देश्य ........ २
१.८ क्रियाकलाप तथा कार्यविवरण ........ ३
१.९ फार्ममा भएका बालीहरुको विवरण ........ ३
१.१० फार्ममा भएका आलंकारिक बिरुवाहरुको विवरण ........ ४
१.११ भौतिक पूर्वाधारहरु ........ ५
१.१२ संगठन तालिका ........ ६
१.१३ केन्द्रको दरवन्दी विवरण ........ ७
१.१४ केन्द्रमा कार्यरत कर्मचारीहरुको विवरण ........ ७
१.१५ स्थापनाकाल देखि हालसम्म कार्यरत केन्द्र प्रमुखहरुको विवरण ........ ८


## खण्ड २
## कार्यक्रम तथा प्रगति विवरण


२.१ वार्षिक कार्यक्रम ........ ९
२.२ आ.व. ०७३/७४ को विनियोजित बजेट (चालु तर्फ) बजेट ........ १३
२.३ वार्षिक प्रगति प्रतिवेदन ........ १४
२.४ सञ्चालित कार्यक्रमहरुको संक्षिप्त विवेचनात्मक प्रगति विवरण ........ २०
२.५ आ.व. २०५१/५२ देखि ०७३/७४ सम्मको राजस्व विवरण ........ २८
२.६ वार्षिक अवधिको राजस्व विवरण आ.व. २०७३/७४ ........ २८
२.७ पाँच वर्षको वार्षिक राजस्व विवरण (आ.व. ०६९/७० - ०७३/७४ सम्म) ........ २९
२.८ सेवाग्राहीको वार्षिक विवरण ........ २९
२.९ आ.व. ०७३/०७४ को खर्च फाँटवारी विवरण ........ ३०
२.१० कार्यक्रम तथा प्रगतिको पाँच बर्षे तुलनात्मक विवरण ........ ३२
२.११ बिगत पाँच वर्षको तुलनात्मक बजेट खर्च विवरण ........ ३४
२.१२ केन्द्रको वार्षिक कार्यतालिका ........ ३६
२.१३ बेरुजु स्थिती ........ ३९

## खण्ड ३
## विविध


३.१ Flower Production, Demand, Yearly Export & Import transaction scenario in Nepal ..... ४१
३.२ Current status of Floriculture business in Nepal ........ ४३
३.३ Globally marketed floriculture products ........ ४४
३.४ Major flowers cultivated in Nepal ........ ४५
३.५ Prospects of floriculture business ........ ४६
३.६ फलफूल बिरुवाहरुको मूल्य सूची ........ ४८
३.७ रुटस्टक बिरुवाको मूल्य सूची ........ ४८
३.८ फूल तथा आलंकारिक बिरुवाको मूल्य सूची ........ ४८
३.९ ताजा फलफूलहरुको मूल्य सूची ........ ५३
३.१० ताजा फूलको दर रेट ........ ५४
३.११ स्थानीय फूलको बिउको दररेट ........ ५४
३.१२ नेपालमा प्रचलित विभिन्न मौसमी फूलहरुको खेती गरिने समय तालिका ........ ५४
३.१३ फलफूल र तिनीहरुमा पाईने खाद्यतत्व ........ ५६
३.१४ फलफूल तथा अन्य बोट बिरुवाहरुको विक्री हुने समय ........ ५६
३.१५ गोदावरी क्षेत्रको जलवायु विवरण सारांश ........ ५७
३.१६ आ.व. २०७३/७४ मा सञ्चालित पुष्प खेती प्रविधि विषयक एक हप्ते प्रा.स./ना.प्रा.स. स्तरिय तालिममा सहभागीहरुको नामावली ........ ५९
३.१७ आ.व. २०७३/७४ मा सञ्चालित पुष्प खेती प्रविधि विषयक एक हप्ते कृषक स्तरिय तालिममा सहभागीहरुको नामावली ........ ६०
३.१८ गोदावरी क्षेत्रमा रहेका सरकारी कार्यालयहरु र फोन नम्बर ........ ६४


## खण्ड ४
## पुष्प नीति तथा प्राविधिक सामग्रीहरु


४.१ पुष्प प्रवर्द्धन नीति, २०६९ ........ ६५
४.२ मखमली फूल खेती प्रविधि ........ ७२
४.३ नर्सरी स्थापना तथा नर्सरी व्यवस्थापन ........ ७६

# खण्ड १
# परिचयात्मक विवरण

## १.१ परिचय :

मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत वागमती अञ्चलमा रहेका जिल्लाहरु मध्ये उपत्यका भित्र रहेको ललितपुर जिल्ला ऐतिहासिक, पुरातात्विक पर्यटकीय एवं जैविक विविधताको दृष्टिकोणले समेत महत्वपुर्ण जिल्लाको रुपमा परिचित छ। यस जिल्लाको गोदावरी न.पा. वार्ड नं. ५ मा अवस्थित पुष्प विकास केन्द्र नेपाल अधिराज्यभरमा रहेका २१ वटा फलफूल तथा तरकारी फार्म/केन्द्र मध्येको एउटा केन्द्र हो। जसले पुष्प खेती सम्बन्धी अध्ययन परीक्षण, बीउ बेर्ना उत्पादन एवं बिक्री वितरण र जर्मप्लाज्म संकलन तथा संबर्द्धन क्रियाकलापहरुमा केन्द्रित रहि कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

नेपालको कुल जनसंख्याको ६५.६ प्रतिशत जनसंख्याको प्रमुख पेशा कृषि रहेको हुँदा आय आर्जनको मुख्य श्रोत, जीविकोपार्जनको आधार र आर्थिक समृद्धिको मुख्य आधारशिला नै कृषि हो। कृषिजन्य बाली वस्तुहरु मध्ये पनि तुलनात्मक लाभका आधारमा प्रति इकाई जग्गामा उत्पादन तथा उत्पादकत्व बढी हुने, बढी मूल्य जाने वस्तु, निर्यात योग्य र नगदे बालीको रुपमा वागवानी जन्य बालीहरु (फलफूल, तरकारी, पुष्प बाली, मसला बाली) लाई लिन सकिन्छ।

नेपाल सरकारले लिएको दीर्घकालीन कृषि योजनाको अवधारणा अनुसार योजनाले परिलक्षित गरेका प्राथमिकता प्राप्त आयोजनहरु कार्यान्वयन गर्ने गर्ने इकाईका रुपमा पुष्पजन्य बाली वस्तु र यस केन्द्रले आलंकारिक बोटबिरुवा एवं Indoor-Outdoor बिरुवा उत्पादन, हिउँदे तथा वर्षे सिजनका मौसमी फूलका बिरुवाहरु उत्पादन एवं विक्री वितरण र एक गाउँ एक उत्पादन अन्तर्गत लप्सीका कलमी बिरुवाको उत्पादन गरी उक्त कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष रुपमा सेवा पुर्‍याउँदै आएको छ।

## १.२ भौगोलिक स्थिति :

जिल्लाको अवस्थिति अनुसार २७ डिग्री २२ मिनेट देखि २८ डिग्री ५० मिनेट उत्तरी अक्षांश र ८५ डिग्री १४ मिनेट देखि ८५ डिग्री २६ मिनेट पूर्वी देशान्तर सम्म फैलिएको र समुन्द्री सतह देखि ४५७ मिटर देखि २८३१ मिटर सम्मको उचाईमा रहेको छ। यस केन्द्रको पूर्वमा वनस्पति विभाग अन्तर्गत सदुपयोग तथा पाईलट शाखा, पश्चिममा गोदावरी मार्वल फ्याक्ट्री, उत्तरमा सेन्ट जेभियर्स गोदावरी स्कूल र दक्षिणमा खानी तथा भू-गर्भ विभाग अन्तर्गत फूलचोकी फलामखानीको कार्यालयसंग सिमाना जोडिएर रहेको छ। केन्द्र रहेको स्थान समुद्र सतहदेखि १५५० मिटरको उचाईमा रहेको छ।

## १.३ हावापानी :

यस केन्द्रमा रहेको स्थानको हावापानी समशितोष्ण प्रकारको छ। यहाँको वार्षिक औषत अधिकतम तापक्रम २९.९ डिग्री से. तथा न्यूनतम तापक्रम ११ डिग्री से., सापेक्षित आद्रता ८४ प्रतिशत र वार्षिक वर्षा २२३९.५ मि.मि. हुने गरेको छ। मार्ग देखि फाल्गुण सम्म तुषारो र चैत्र

देखि श्रावण सम्म ३-४ पटकसम्म असिना पर्ने गरेको तथा कहिलेकाही ठूलो हावा हुरी समेत आउने गर्दछ। उत्तरी मोहडा र फूलचोकी डाँडाको काखमा रहेकोले हिउँद महिनामा ४-५ घण्टा मात्र घाम लाग्ने र वर्षायाममा निरन्तर वर्ष भइरहने हुँदा बिरुवाको वानस्पतिक बृद्धि न्युन स्तरमा हुने गर्दछ।

## १.४ माटो :

यस केन्द्रको माटो कतै पाँगो दोमट र कतै चिम्ट्याइलो दोमट किसिमको छ। यहाँको माटोमा पि.एच. ६.६ देखि ७.१ सम्म रहेको र बोट बिरुवाको मुख्य खाद्यतत्व तथा अन्य सुक्ष्म खाद्यतत्वहरुको कमी लगायत वर्षायाममा पानी जम्ने भएबाट सन्तोषप्रद रुपले बिरुवाहरु फष्टाएको पाईदैन।

## १.५ सिंचाई :

यस केन्द्रको सिंचाईको श्रोत नौधाराबाट आउने पानी रहेको र सिंचाईको समस्या नभएतापनि सुख्खा मौसममा कहिलेकाहीं केही कठिनाई हुने गर्दछ। हाल पानीका मुहानहरुबाट खानेपानीको पाईप लाईनद्वारा पानी लगेको हुँदा बर्षायाममा बाहेक अन्य महिनाहरुमा सिंचाईको लागि पानीको अभाव श्रृजना भएको छ।

## १.६ केन्द्रको क्षेत्रफल र भू–उपयोग :

यस केन्द्रको कूल क्षेत्रफल ३.७२ हे. रहेको र भू-उपयोगको विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | विवरण | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|
| १. | फलफूल वगैंचा | १ हेक्टर | १९-११ रोपनी |
| २. | फूल वगैंचा | ०.४५ हेक्टर | ९-१४ रोपनी |
| ३. | फूल तथा फलफूल नर्सरी | १.२५ हेक्टर | २४-९ रोपनी |
| ४. | कार्यालय तथा आवास | ०.१३ हेक्टर | २-९ रोपनी |
| ५ | जलाशय | ०.१० हेक्टर | २-० रोपनी |
| ६. | बाटो तथा कूलो | ०.३४ हेक्टर | ६-११ रोपनी |
| ७ | सेडहाउस | ०.४५ हेक्टर | ८-१४ रोपनी |
| | जम्मा | ३.७२ हेक्टर | ७४-४ रोपनी |

## १.७ उद्देश्य :

**अल्पकालिन उद्देश्य**

१. उच्च गुणस्तरीय फूल तथा आलंकारिक बिरुवाहरु उत्पादन गरी सरकारी दररेटमा सेवाग्राहीलाई उपलब्ध गराउने।

२. उच्च गुणस्तरीय फलफूल कलमी तथा विजु बिरुवाहरु उत्पादन गरी कृषकहरुलाई उपलब्ध गराउने।

३. व्यवसायिक फूल खेती गर्ने कृषकहरुलाई प्राविधिक सेवा उपलब्ध गराउने ।
४. निजी स्तरमा फूल तथा फलफूल नर्सरी तथा व्यवसायिक फलफूल वगैंचा स्थापना गर्न प्राविधिक सहयोग पुऱ्याउने ।
५. पुष्प विकास सम्बन्धी नयाँ प्रविधिहरु कृषक/कृषक समूहमा हस्तान्तरण गर्ने ।
६. आलंकारिक तथा फलफूल बिरुवाहरुको जर्मप्लाज्म संकलन संवर्द्धन गर्ने ।

**दीर्घकालिन उद्देश्य :**

१. फूल खेतीलाई व्यवसायिकरण गरी कृषकहरुको आयस्तर बढाउने ।
२. बढ्दै गएको शहरीकरणलाई सुन्दर बनाउन सर्बसाधारणमा जनचेतना अभिबृद्धि हुने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।
३. वागवानीमा आधारित साना, मझौला उद्योगहरु स्थापना गराउन सहयोग पुऱ्याई रोजगारीका अवशरहरुमा बृद्धि गराउने ।
४. वागवानी विकासको माध्यमबाट हाम्रो जस्तो पहाडी मुलुकमा दिन प्रति दिन बढ्दै गईरहेको भू-क्षय तथा प्रदुषण आदिबाट बचाई वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।
५. युवा स्वरोजगार, लक्षित वर्ग विशेष कार्यक्रमहरु सञ्चालन गर्ने ।

## १.८ क्रियाकलाप तथा कार्यविवरण :

१. आलंकारिक तथा फूलबिरुवा उत्पादन गरी विक्री वितरण गर्ने,
२. कट्फ्लावर तथा पुष्प खेती सम्वन्धी अध्ययन परिक्षण गर्ने ।
३. इन्डिजेनस तथा आलंकारिक फूल बिरुवाहरुको माउवोट संकलन संवर्द्धन गर्ने ।
४. पुष्प निजी नर्सरीहरु तथा पुष्प व्यावसायीहरुमा प्राविधिक सेवा पुऱ्याउने ।
५. हिउँदे फलफूल लप्सी, हलुवावेद, स्याउ, नास्पाती, आरु, आरुवखडा, कटुस र वर्षे फलफूल सुन्लता, जुनार, कागती र मुन्तलाका कलमी तथा विजु बिरुवाहरु उत्पादन गरी विक्री वितरण गर्ने ।
६. फलफूल निजी नर्सरी तथा व्यवसायिक फलफूल बगैंचा सुपरीवेक्षण तथा अनुगमन गरी प्राविधिक सेवा पुऱ्याउने ।
७. फूलको बीउ उत्पादन गरी सुलभ तरिकाले कृषकहरु लाई उपलब्ध गराउने ।

## १.९ फार्ममा भएका बालीहरुको विवरण :

| क्र.सं. | विवरण | जात | फलेको | नफलेको | जम्मा |
|---|---|---|---|---|---|
| १. | आरु | ओरायन<br>पेरीग्रिन | ७<br>१३२ | | १३९ |
| २ | आरुवखडा | मैथली, मेरीपोसा, सन्तारोजा, ग्रिनगेज | ५८ | | ५८ |

| क्र.सं. | विवरण | जात | फलेको | नफलेको | जम्मा |
|---|---|---|---|---|---|
| ३ | ओखर | हाडे | | २ | २ |
| ४ | चुच्चे ओखर | महान, स्टेवार्ड | ४ | - | ४ |
| ५ | नास्पाती | वार्टलेट, फर्पिङ्ग, जापानीज | ९० | - | ९० |
| ६ | कटुस | चाईनिज | ५ | - | ५ |
| ७ | लप्सी | स्थानीय | ३४ | - | ३४ |
| ९ | जुनार | सिन्धुली, स्थानीय | ३ | - | ३ |
| १० | सुन्तला | उन्सु, स्थानीय | ५ | - | ५ |
| ११ | कागती | स्थानीय सुनकागती | २ | - | २ |
| १२ | अलैंची (झाङ्ग) | गोलसाई | १ | - | १ |

## १.१० फार्ममा भएका आलंकारिक बिरुवाहरुको विवरण :

| क्रसं | विवरण | फुलेको | नफुलेको | जम्मा |
|---|---|---|---|---|
| १ | मुन्तला | ५२ | | |
| २ | फ्लावरिङ्ग पिच | १२८ | | |
| ३ | निलजाई | ५ | | |
| ४ | केमेलिया | २५ | | |
| ५ | हेविसकस | ७ | | |
| ६ | हंशराज | १० | | |
| ७ | धुपी | १५२ | | |
| ८ | एजेलिया | २४५ | | |
| ९ | अर्किड (सुनाखरी) | ३६० | | |
| १० | लालिगुराँस | ३ | | |
| ११ | अर्केरिया | ९ | | |
| १२ | साइकस | ८ | | |
| १३ | कुटसिमल | २७ | | |
| १४ | रक्तकमल | ७ | | |
| १५ | रुखकमल | १७ | | |
| १६ | कनक चम्पा | १ | | |
| १७ | चिनीया चम्पा | २ | | |
| १८ | पारिजात | २ | | |

| क्रसं | विवरण | फुलेको | नफुलेको | जम्मा |
|---|---|---|---|---|
| १९ | रातकी रानी | १ | | |
| २० | कामिनि | १६ | | |
| २१ | जापनीज क्वीन्स | २ | | |
| २२ | इन्द्रकमल | ३५ | | |
| २३ | मेप्पल | २ | | |
| २४ | पाम | १६ | | |
| २५ | बर्डअफ प्याराडाइज | ३० | | |
| २६ | गुलाफ | १३४ | | |
| २७ | वगनबेलिया | ५ | | |
| २८ | समी | ३ | | |
| २९ | हसना | १ | | |
| ३० | सिल्भर पाम | १६ | | |
| ३१ | जिन्को | १ | | |
| ३२ | फिलोडेन्ड्रोन | १५ | | |
| ३३ | गोडासिलो | ७ | | |
| ३४ | कल्की फूल | ३ | | |
| ३५ | लालुपाते | ६ | | |

## १.११ भौतिक पूर्वाधारहरु :

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | तालिम तथा स्टोर भवन | १ | नयाँ निर्माण |
| २. | कार्यालय भवन (पुरानो) | १ | मर्मत गर्नु पर्ने |
| ३. | कर्मचारी आवास भवन | १ | मर्मत संभार गर्नुपर्ने अवस्थाको |
| ४. | पाले घर | १ | मर्मत संभार गर्नुपर्ने अवस्थाको |
| ५. | स्टोर घर | १ | |
| ६. | ग्यारेज | १ | छत चुहिने भएको |
| ७. | प्लाष्टिक सेडहाउस | १४ | |
| ८. | पावर स्प्रेयर | २ | चालु अवस्थाको |
| ९. | पिकअप गाडी | १ | मर्मत गर्नुपर्ने अवस्थाको |
| १०. | हाते ट्र्याक्टर | २ | चालु अवस्थाको |
| ११. | लन मोअर | १ | चालु अवस्थाको |
| १२. | स्क्रिन हाउस | ४ | चालु अवस्थाको |
| १३. | मोटरसाइकल | २ | चालु अवस्थाको |
| १४. | कम्प्युटर सेट | ६ | चालु अवस्थाको |
| १५. | फोटोकपी मेशिन | १ | चालु अवस्थाको |
| १६. | फ्याक्स मेशिन | १ | चालु अवस्थाको |
| १७. | मल्टिमिडिया प्रोजेक्टर | १ | चालु अवस्थाको |
| १८. | जेनेरेटर (होण्डा) | १ | चालु अवस्थाको |
| १९. | ल्यापटप | ३ | चालु अवस्थाको |
| २०. | हिलटेक ट्यांकी (५००० लि.) | ४ | चालु अवस्थाको |
| २१. | फ्रिज | २ | चालु अवस्थाको |
| २२. | क्यामारा | २ | चालु अवस्थाको |
| २३. | हाइटेक ग्रिनहाउस | २ | चालु अवस्थाको |

### १.१२ संगठन तालिका




**कुल दरवन्दी संख्या : १५**

## १.१३ केन्द्रको दरवन्दी विवरण

| क्र. सं. | पद | श्रेणी | स्वीकृत दरवन्दि संख्या | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | वरिष्ठ बाग.वि.अधिकृत | रा.प.द्वितीय (प्रा.) | १ | १ | |
| २ | बागवानी वि. अधिकृत | रा.प.तृतीय (प्रा.) | २ | २ | |
| ३ | प्रा.स. (बागवानी) | रा.प.अनं.प्र. (प्रा.) | २ | २ | |
| ४ | लेखापाल | रा.प.अनं.प्र. (प्र.) | १ | १ | |
| ५ | ना.सु. | रा.प.अनं.प्र. (प्र.) | १ | १ | |
| ६ | ना.प्रा.स. (बागवानी) | रा.प.अनं.द्वि. (प्रा.) | २ | २ | |
| ७ | कार्यालय सहयोगी | श्रेणीविहीन | ६ | ६ | ३ जना करारबाट पूर्ति |
| | जम्मा | | १५ | १५ | |

## १.१४ केन्द्रमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | दर्जा | कर्मचारीको नाम थर | स्थायी ठेगाना | शुरु नियुक्ति मिति |
|---|---|---|---|---|
| १ | व.बा.वि.अ. | श्री द्रोणराज काफ्ले | वालिङ्ग न.पा. ७, स्याङजा | २०४४।१२।१८ |
| २ | बा.वि.अ. | श्री ताराचन्द्र चौधरी | शिवराज न.पा.१३, कपिलवस्तु | २०५०।०२।२० |
| ३ | बा.वि.अ. | श्री सिर्जना न्यौपाने (पौडेल) | शिवनगर-९, चितवन | २०६७।०६।१३ |
| ४ | प्रा.स. | श्री नानीकाजी सुवेदी | गोदावरी न.पा. ७, ललितपुर | २०४१।०८।१० |
| ५ | प्रा.स. | श्री नारायण आचार्य | गोदावरी न.पा. १, ललितपुर | २०५०।०८।२२ |
| ६ | लेखापाल | श्री भिमसिंह रावल | दशरथचन्द न.पा. ६, वैतडी | २०५४।११।०१ |
| ७ | नायबसुब्बा | श्री देव प्रसाद श्रेष्ठ | पौंदीअमराई ५, गुल्मी | २०५३।१२।०४ |
| ८ | ना.प्रा.स. | श्री यशोदा कार्की | गोदावरी १, ल.पु. | २०४५।०९।१५ |
| ९ | ना.प्रा.स. | श्री रविना घिमिरे | पनौती न.पा.३, काभ्रे | २०६८।१२।०५ |
| १० | का.स. | श्री विमला गिरी | गोदावरी ६, ललितपुर | २०४१।१०।२२ |
| ११ | का.स. | श्री विद्यामान श्रेष्ठ | चापागाउँ ४, ललितपुर | २०४३।०३।१० |
| १२ | का.स. | श्री दिलमाया मेत्तर | विदुर न.पा.९, नुवाकोट | २०५३।०४।०१ |

## १.१५ स्थापनाकाल देखि हालसम्म कार्यरत केन्द्र प्रमुखहरुको विवरण

| क्र.सं. | दर्जा | नाम थर | स्थायी ठेगाना | यस केन्द्रमा बहाल अवधि | |
|---|---|---|---|---|---|
| | | | | देखि | सम्म |
| १ | स.फलफूल विज्ञ | श्री बासुदेव कर्माचार्य | चापागाउँ-५, ललितपुर | २०३८ | २०४७।०५।०४ |
| २ | स.फलफूल विज्ञ | श्री श्यामकृष्ण जोशी | भक्तपुर न.पा., भ.पु. | २०४७।०५।१२ | २०४९।०८।०७ |
| ३ | स.फलफूल विज्ञ | श्री बलराम राजभण्डारी | भ.पु.न.पा.१२, भ.पु. | २०४९।०९।०१ | २०५२।०५।१८ |
| ४ | स.फलफूल विज्ञ | श्री बासुदेव सुवेदी | भ.पु.न.पा., चितवन | २०५२।०५।०२ | २०५३।०३।१७ |
| ५ | स.फलफूल विज्ञ | श्री बासुदेव कर्माचार्य | चापागाउँ-५, ललितपुर | २०५३।०५।२० | २०५८।०८।३० |
| ६ | स.फलफूल विज्ञ | श्री महेन्द्रराज कौडाल | पालुण्टार ८, गोरखा | २०५८।०८।१७ | २०६३।०४।३० |
| ७ | नि.केन्द्र प्रमुख | श्री चन्द्र बहादुर राना | जामुने ४, तनहुँ | २०६३।०५।०१ | २०६३।०९।०६ |
| ८ | केन्द्र प्रमुख | श्री अनिलकुमार आचार्य | हेटौंडा, मकवानपुर | २०६३।०९।०७ | २०६५।०७।१७ |
| ९ | केन्द्र प्रमुख | श्री महेन्द्रराज कौडाल | पालुण्टार ८, गोरखा | २०६५।०७।२४ | २०६५।१२।११ |
| १० | केन्द्र प्रमुख | श्री शिवराम सिंखडा | गुम्दी ७, धादिङ्ग | २०६५।१२।१२ | २०६७।०३।२६ |
| ११ | नि.केन्द्र प्रमुख | श्री ऋषिराम न्यौपाने | पालुङ्गटार ७, गोरखा | २०६७।०३।२७ | २०६८।०९।२८ |
| १२ | केन्द्र प्रमुख | श्री उमानाथ भण्डारी | रुपाकोट ३, गुल्मी | २०६८।०९।२९ | २०७०।०७।०४ |
| १३ | केन्द्र प्रमुख | डा. योगेशहरि श्रेष्ठ | का.म.न.पा.३४,बानेश्वर | २०७०।०७।०५ | २०७२।०५।१५ |
| १४ | नि.केन्द्र प्रमुख | श्री ताराचन्द्र चौधरी | शिवराज ७, कपिलवस्तु | २०७२।५।१६ | २०७२।११।०२ |
| १५ | केन्द्र प्रमुख | श्री द्रोणराज काफ्ले | वालिङ्ग न.पा. ७, स्याङ्जा | २०७२।११।०३ | २०७५।०६।१६ |
| १६ | ब.वाग.वि.अ. | श्री रिती सिंह | मध्यपुर थिमी-३, भक्तपुर | २०७५।०७।०९ | हालसम्म |

# खण्ड २
# कार्यक्रम तथा प्रगति विवरण

## २.१ वार्षिक कार्यक्रम (२०७५/०७६)

कार्यक्रमको नाम : बागवानी विकास कार्यक्रम/पुष्प विकास केन्द्र **(रकम रु. लाखमा)**

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | खर्च शी.नं. | इकाई | बार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| क | चालु खर्च अन्तर्गतका कार्यक्रम | | | | | | | | | | | | | | |
| १.१ | तलव | २११११ | जना | १२ | १५.६७ | ४७२२ | १२ | | १७७४ | १२ | | १५०० | १२ | | १४४८ |
| २ | पोशाक | २११२१ | जना | १२ | ०.३३ | १०० | | | | | | | १२ | | १०० |
| ४ | महंगी भत्ता | २११३२ | जना | १२ | ०.६६ | १९९ | १२ | | ६७ | १२ | | ६६ | १२ | | ६६ |
| ५ | अन्य भत्ता | २११३९ | पटक | ३ | ०.१७ | ५० | १ | | १५ | १ | | २५ | १ | | १० |
| ६ | पानी तथा विजुली | २२१११ | महिना | १२ | ०.६ | १८० | ४ | | ६० | ४ | | ६० | ४ | | ६० |
| ७ | ईमेल/इन्टरनेट/वेवसाइट (संचार महसूल) | २२११२ | महिना | १२ | ०.०५ | १५ | ४ | | ५ | ४ | | ५ | ४ | | ५ |
| ८ | टेलिफोन महसुल(संचार महसूल) | २२११२ | महिना | १२ | ०.०३ | १० | ४ | | ३ | ४ | | ३ | ४ | | ४ |
| ९ | सुविधाको सञ्चार खर्च(संचार महसूल) | २२११२ | महिना | १२ | ०.०३ | ९ | ४ | | ३ | ४ | | ३ | ४ | | ३ |
| ११ | ईन्धन | २२२११ | लि | ३८४७ | १.३३ | ४०० | | | १०० | | | १५० | | | १५० |
| १२ | संचालन तथा मर्मत संभार | २२२१३ | पटक | ३ | १.७९ | ७०० | १ | | २५० | १ | | २५० | १ | | २०० |
| १३ | विमा | २२२१४ | पटक | १ | ०.१७ | ५० | | | | | | | १ | | ५० |
| १५ | कार्यालय भवन मर्मत तथा रंगरोगन | २२२३१ | पटक | १ | ०.५ | १५० | | | | १ | | १५० | | | |
| १८ | प्लाष्टिक घर मर्मत | २२२३१ | सख्या | ४ | १.३६ | ४१० | | | | २ | | २०० | २ | | २१० |
| २० | कार्यालय सम्वन्धि खर्च | २२३११ | महिना | १२ | १.३३ | ४०० | ४ | | १५० | ४ | | १५० | ४ | | १०० |
| २२ | ईन्धन अन्य प्रयोजन | २२३१४ | महिना | १२ | ०.१७ | ५० | ४ | | २० | ४ | | २० | ४ | | १० |
| २३ | सेवा तथा परामर्श | २२४११ | सख्या | २ | ०.०७ | २० | २ | | | १ | | १० | १ | | १० |

| क.सं. | कार्यक्रम / क्रियाकलाप | खर्च शी.नं. | इकाई | बार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| २४ | अन्य सेवा शुल्क | २२४१९ | सख्या | ३ | २.१७ | १०४३ | ३ | | ३४३ | ३ | | ३५० | ३ | | ३५० |
| २५ | का.स. करार | २२४१९ | | २ | २.१७ | ४०० | २ | | १०० | २ | | १५० | २ | | १५० |
| २६ | कर्मचारी तालिम | २२५११ | पटक | २ | १.३३ | ६०० | | | | १ | | ३५० | १ | | २५० |
| २७ | अगुवा कृषक तालिम- पुष्प | २२५१२ | पटक | ३ | ३.४८ | १०५० | १ | | ३५० | १ | | ३५० | १ | | ३५० |
| २८ | पुष्प वगैचा तथा पार्क व्यवस्थापन सम्वन्धि तालिम | २२५१२ | पटक | १ | ०.४३ | १३० | | | | १ | | १३० | | | |
| २९ | विज्ञहरुको कार्यदलको अन्तरक्रिया गोष्ठी | २२५१२ | पटक | ३ | ०.६ | १८० | १ | | ६० | १ | | ६० | १ | | ६० |
| ३० | स्कुल हर्टिकल्चर कार्यक्रम सञ्चालन | २२५१२ | पटक | ३ | ०.०९ | २७ | १ | | ९ | १ | | ९ | १ | | ९ |
| ३१ | स्थलगत घुम्ती तालिम | २२५१२ | सख्या | १ | ०.१ | ३० | १ | | ३० | | | | | | |
| ३२ | स्थलगत घुम्ती तालिम- पुष्प | २२५१२ | सख्या | ३ | ०.२ | ६० | १ | | २० | १ | | २० | १ | | २० |
| ३३ | अध्ययन परिक्षण - पुष्ष | २२५२१ | सख्या | ६ | ४.२५ | १२८२ | शुरू | | ४५० | चालु | | ४६२ | ६ | | ३७० |
| ३४ | अन्तर बाली तथा उत्पादन तथा विक्री वितरण | | | १ | ०.५९ | २०० | | | | | | २०० | | | |
| ३५ | आलङ्कारिक विरुवा उत्पादन प्रदर्शन | २२५२१ | सख्या | २७००० | १.२८ | ३८५ | ९००० | | १०० | १०००० | | १५० | ८००० | | १३५ |
| ३६ | कट फ्लावर उत्पादन | २२५२१ | हेक्टर | ०.३ | ३.०५ | ९२० | शुरू | | ३०० | चालु | | ४०० | ०.३ | | २२० |
| ३७ | पुष्प जर्मप्ज्म कलेक्सन तथा संरक्षण | २२५२१ | सख्या | ५६० | २.६२ | १०२० | १४० | | २०० | १५० | | ३५० | २७० | | ४७० |
| ३८ | पुष्प वगैचा स्थापना | २२५२१ | हेक्टर | ०.१५ | २.९ | ८७५ | | | | ०.१ | | ५०० | ०.०५ | | ३७५ |
| ३९ | पुष्प वगैचा स्याहार सम्भार ग्याप फिलिङ्ग | २२५२१ | हेक्टर | १ | १.३३ | १३२५ | शुरू | | ५०० | चालु | | ५०० | १ | | ३२५ |
| ४० | पुष्प विउ उत्पादन | २२५२१ | केजी | २ | ०.५ | १५० | | | | २ | | १५० | | | |
| ४१ | फलफूल रुटस्टक विरुवा उत्पादन | २२५२१ | सख्या | ३८००० | १.२९ | ३९० | शुरू | | १२० | ३८००० | | १७० | स्याहार सम्भार | | १०० |

| क.सं. | कार्यक्रम / क्रियाकलाप | खर्च शी.नं. | इकाई | बार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| ४२ | फलफूल वगैचा स्यार संभार | २२५२१ | हेक्टर | २.२५ | १.८३ | १०७५ | शुरू | | ३०० | स्याहार सम्भार | | ४२५ | २.२५ | | ३५० |
| ४३ | फलफूल विरुवा उत्पादन | २२५२१ | सख्या | ३१५०० | २.०७ | ६२५ | शुरू | | २२५ | ३१५०० | | २५० | स्याहार सम्भार | | १५० |
| ४४ | फलफुल विरुवा विक्री वितरण | २२५२१ | सख्या | २१२०० | १.९ | ६७३ | स्याहार सम्भार | | २४३ | १४९०० | | २५० | ६३०० | | १८० |
| ४५ | उन्नत फलफूल खेती प्रविधि तथा फलफूल दशक सम्वन्धि रेडियोवाट प्रचार प्रसार | २२५२२ | पटक | ३ | ०.१ | ७५ | १ | | २५ | १ | | २५ | १ | | २५ |
| ४६ | ओ.जे.टी. विद्यार्थीलाई सहजीकरण | २२५२२ | जना | १० | ०.१७ | ५० | १० | | १७ | १० | | १७ | १० | | १६ |
| ४७ | कम्पोजिट किट वितरण | २२५२२ | सख्या | १०० | ०.६६ | २०० | ७५ | | १५० | | | | २५ | | ५० |
| ४८ | कृषक भ्रमण | | | १ | ०.६६ | २०० | | | | १ | | २०० | | | |
| ४९ | कृषक स्तरमा नमुना प्रदर्शन व्यवसायिक बगैचा स्थापना | | | १ | | ३७५ | | | | १ | | ३७५ | | | |
| ५० | जाली घरमा थोपा सिंचाई र फोगर जडान | २२५२२ | सख्या | २ | ०.६६ | २०० | | | | २ | | २०० | | | |
| ५१ | नमुना प्रदर्शन | २२५२२ | सख्या | १ | १.६६ | ५०० | | | | | | | १ | | ५०० |
| ५२ | पुष्प खेती विस्तारका लागी प्रस्तावनामा आधारित अनुदान (श्रोत सामाग्री संरचना निर्माण आदि) | २२५२२ | सख्या | १० | ८.३ | २५०० | | | | शुरू | | ५०० | १० | | २००० |
| ५३ | पुष्प भण्डारणका लागि पोर्टेवल कोल्ड स्टोर निर्माण | २२५२२ | सख्या | १ | २.६५ | १००० | | | | १ | | १००० | | | |
| ५४ | पुष्प मेला प्रदर्शनीमा सहयोग | २२५२२ | पटक | २ | २.८५ | ८६० | १ | | ८३० | | | | १ | | ३० |

| क.सं. | कार्यक्रम / क्रियाकलाप | खर्च शी.नं. | इकाई | बार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| ५५ | पुष्प वजारीकरणका लागी कोल्ड च्याम्वर भ्यान खरिद अनुदान | २२५२२ | सख्या | १ | ३.३२ | १००० | | | | १ | | १००० | | | |
| ५६ | वुकलेट लिफलेट वुलेटिन आदि प्रकाशन तथा वितरण | २२५२२ | प्रति | १००० | ०.४८ | १४५ | | | | | | | १००० | | १४५ |
| ५७ | वार्षिक पुस्तिका प्रकाशन | २२५२२ | प्रति | १०० | ०.२२ | ६७ | | | | १०० | | ६७ | | | |
| ५८ | अनुगमन मुल्याङ्कन खर्च | २२६११ | पटक | २० | २.१९ | ६६० | ४ | | १३२ | ८ | | २६४ | ८ | | २६४ |
| ५९ | भ्रमण खर्च | २२६१२ | पटक | ३ | ०.३३ | १०० | १ | | ५० | १ | | ५० | | | |
| ६० | विविध | २२७११ | पटक | ३ | ०.१७ | ५० | १ | | १७ | १ | | १७ | | | १६ |
| ख | पुँजिगत खर्च अन्तगर्तका कार्यक्रम | | | | | | | | | | | | | | |
| १ | पालेघर निर्माण | ३१११२ | सख्या | १ | ३.९८ | १२०० | | | | शुरू | | २०० | १ | | १००० |
| २ | फर्निचर तथा फिक्चर्स | ३१११५ | सख्या | २२ | ०.९८ | २९६ | २२ | | २९६ | | | | | | |
| ३ | मेशिनरी औजार | ३११२२ | सख्या | २४ | १.३३ | ४०० | २४ | | ४०० | | | | | | |
| ४ | सार्वजनिक निर्माण | ३११५१ | सख्या | २ | ९.६२ | २९०० | | | | २ | | २९०० | | | |
| ५ | पुंजीगत सुधार | ३११७१ | सख्या | ४ | ४.६५ | १४०० | | | | ४ | | १४०० | | | |
| | **चालु कार्यक्रमको कुल रकम** | | | | ७९.४४ | २७८८७ | | | ७०१८ | | | ११५३३ | | | ९३३६ |
| | **पुँजिगत कार्यक्रमको कुल रकम** | | | | २०.५६ | ६१९६ | | | ६९६ | | | ४५०० | | | १००० |
| | **जम्मा रकम** | | | | १०० | ३४०८३ | | | ७७१४ | | | १६०३३ | | | १०३३६ |

## २.२ आ.व. २०७५/७६ को विनियोजित बजेट (चालु तर्फ) बजेट रु हजारमा

| व.र.नं. | शिर्षक | बजेट रकम |
|---|---|---|
| २१११ | तलब | ४७,२२ |
| २११३९ | अन्य भत्ता | ५० |
| २११२१ | पोशाक | १,०० |
| २२१११ | पानी तथा विजूली महसूल | १,८० |
| २२११२ | संचार महशूल | ३४ |
| २२२११ | इन्धन पदाधिकारी | ४,०० |
| २२२१३ | संचालन मर्मत संभार | ७,०० |
| २२२१४ | बीमा तथा नविकरण खर्च | ५० |
| २२३११ | कार्यालय सामग्री खर्च | ४,०० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | ५० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार | ५,६० |
| २२४११ | सेवा र परामर्श खर्च | २० |
| २२४१९ | अन्य सेवा शूल्क | १४,४३ |
| २२५१२ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी | १४,७७ |
| २२५२१ | उत्पादन सामाग्री सेवा | ८९,२० |
| २२५२२ | कार्यक्रम खर्च | ७१,७२ |
| २२६११ | अनूगमन मुल्यांकन खर्च | ६,६० |
| २२६१२ | भ्रमण खर्च | १,०० |
| २२७११ | विविध खर्च | ५० |
| २११३२ | महंगी भत्ता | १,९९ |
| २२५११ | कर्मचारी तालिम | ६,०० |
| | **जम्मा** | **२,७८,८७** |

## पुँजीगत तर्फ

| व.र.नं. | शिर्षक | बजेट रकम |
|---|---|---|
| २९३११ | फर्निचर तथा फिक्चर्स | २,९६ |
| २९५११ | मेशिनरी औजार | ४,०० |
| ३११५१ | सार्वजनिक निर्माण | २९,०० |
| २९६२१ | पूजीगत सूधार | १४,०० |
| | भवन निर्माण | १२,०० |
| | **जम्मा** | **६१,९६** |

## २.३ वार्षिक प्रगति प्रतिवेदन (२०७४/०७५)

### क) वागवानी विकास कार्यक्रम

| क. सं. | कार्यक्रम । क्रियाकलाप | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित |
| अ. | **पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | |
| १ | **पुर्वाधार विकास आयोजना** | | | | | | |
| १.१ | फर्निचर तथा फिक्चर्स खरिद (अफिस टेबुल २, पलङ्ग २, दराज २, कुर्सी १०) | संख्या | १६ | ०.९५ | २८४ | १७ | ०.९५ |
| १.२ | मेशिनरी औजार तथा उपकरण खरिद (सिकेचर ७, प्रुनिगं स ७, डिटिजल क्यामरा १, अल्टीमिटर १, एलइडी मोनिटर १, मल्टिमिडिया प्वाइन्टर १, पावरस्प्रेयर १) | संख्या | १९ | ०.७९ | २३४ | २१ | ०.७९ |
| १.३ | कोल्डचेन व्यवस्थापन | | १ | ७.१९ | २१३९ | १ | ६.९७ |
| १.४ | हाईटेक ग्रिन हाउस निर्माण | | १ | १६.८१ | ५००० | १ | ११.२ |
| १.५ | शौचालय निर्माण | | १ | ०.३४ | १०० | १ | ०.३४ |
| १.६ | पोखरी मर्मत सुधार | संख्या | १ | ०.६७ | २०० | १ | ०.६७ |
| १.७ | बाटो मर्मत सुधार ( बिरुवा रोपण सहित) | मिटर | १०० | १.३४ | ४०० | ९० | १.३४ |
| १.८ | पुरानो कूलो मर्मत सुधार | मिटर | १०० | ०.५५ | १६५ | ९० | ०.५५ |
| १.९ | कार्यालय भवनमा थप गरिएका कोठाह्रु फिनिसिङ्ग गर्ने | संख्या | १ | ३.३६ | १००० | १ | ३.३६ |
| १.१ | भुकम्पबाट क्षति भएको आवास तथा पाले घर मर्मत सुधार | संख्या | २ | १.०२ | ३०० | २ | १.०२ |
| क) | **पूँजीगत खर्च तर्फको जम्मा** | | | **३३.०२** | **९८२२** | | **२७.१९** |
| आ. | **चालु खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | |
| १ | कटफलावर पुष्प उत्पादन सम्बन्धी अध्ययन भ्रमण (प्राविधिक) भारतको कलकत्ता र पुने | पटक | १ | २.६९ | ८०० | १ | २.६९ |
| २ | पुष्प बगैंचा तथा पार्क व्यवस्थापन सम्बन्धी तालिम | पटक | १ | ०.४२ | १२४ | १ | ०.४२ |

| क्र. सं. | कार्यक्रम । क्रियाकलाप | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित |
| ३ | स्थलगत घुम्ती कृषक तालिम (पुष्प खेती विषयक) | पटक | ३ | ०.२० | ६० | ३ | ०.२० |
| ४ | स्कूल हर्टिकल्चर तालिम सञ्चालन | पटक | ३ | ०.०८ | २४ | ३ | ०.०८ |
| ५ | पुष्प उत्पादन तथा ब्यवसाय प्रवर्द्धन सम्बन्धि कृषक स्तरीय तालिम | पटक | ३ | ३.५३ | १०५० | ३ | ३.५३ |
| ६ | पुष्प उत्पादन तथा ब्यबसाय प्रवर्धन विषयक प्राविधिक (प्रा.स./ना.प्रा.स.) स्तरीय तालिम | पटक | १ | १.१८ | ३५० | १ | १.१८ |
| ७ | पुष्प प्रदर्शनीमा सहभागी हुने | पटक | २ | ०.२७ | ८० | २ | ०.२७ |
| ८ | बार्षिक प्रगति पुस्तिका प्रकाशन | प्रति | १५० | ०.२७ | ८० | १५० | ०.२७ |
| ९ | पुष्प खेती सम्बन्धी लिफलेट/बुकलेट प्रकाशन तथा वितरण | प्रति | २००० | ०.३४ | १०० | २००० | ०.३४ |
| १० | पुष्प पकेट क्षेत्रमा पुष्प कम्पोजिट कीट वितरण | संख्या | १५० | १.०१ | ३०० | १५० | १.०१ |
| ११ | कमाण्ड एरियाको फलफुल निजि नर्सरीहरुलाई सुदृढिकरणको लागि आर्थिक सहयोग | संख्या | ४ | २.६९ | ८०० | ४ | २.६९ |
| १२ | पुष्प खेती सम्बन्धी क्याटलग प्रकाशन तथा वितरण | प्रति | ३०० | १.६८ | ५०० | ३००० | १.६८ |
| १३ | केन्द्रको बृतचित्र तयार गरी प्रचार प्रसार | पटक | १ | ०.५४ | १६० | १ | ०.५४ |
| १४ | केन्द्रको बेवभसाइट तयार गर्ने | संख्या | १ | ०.३४ | १०० | १ | ०.३४ |
| १५ | पुष्प खेती सम्भायता अध्ययन | पटक | २ | ०.२७ | ८० | २ | ०.२७ |
| १६ | कार्यालय भवनहरुको ल्याण्डस्केपिङ्ग गरि विभिन्न आलंकारिक बिरुवाको रोपण तथा सजावट गर्ने (कृषि बिभाग/जि.कृ.बि.का./निर्देशनालय ) | संख्या | २ | २.०२ | ६०० | २ | २.०२ |
| १७ | स्थानीय स्तरमा उपलब्ध मौसमी र सदाबहार फूलको बीउ उत्पादन (सयपत्री २ के.जी., मखमली १ केजी.) | के.जी. | ३ | ०.५० | १५० | ३ | ०.५० |
| १८ | आलंकारीक फूल वगैंचा व्यवस्थापन तथा स्याहार संभार | हेक्टर | १ | १.२६ | ३७५ | १ | १.२६ |
| १९ | नर्सरी फूल नयाँ बिरुवा रोपण र बगैंचा बिस्तार | हेक्टर | ०.१ | १.४१ | ४२० | ०.१ | १.४१ |
| २० | आलंकारिक विरुवाको माउवोट संकलन तथा संवर्धन | संख्या | १५० | ०.६४ | १९० | १५० | ०.६४ |

| क्र. सं. | कार्यक्रम । क्रियाकलाप | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित |
| २१ | सुनाखरी फूलको माउबोट संकलन | संख्या | ५० | ०.१२ | ३५ | ३६ | ०.१२ |
| २२ | नेपालमा पाईने जंगलीफूल फूल्ने तथा आलंकारिक बोटको संकलन तथा संर्वद्धन | संख्या | १०० | ०.३४ | १०० | १०० | ०.३४ |
| २३ | ल्याण्ड स्केपिङ्ग गरी विभिन्न जातका जर्मप्लाज्मको रोपण तथा संरक्षण गर्ने | संख्या | १ | ०.६७ | २०० | १ | ०.६७ |
| २४ | प्रविधि प्रदर्शन कार्यक्रम (मखमली र सयपत्री फूलको स्थानीय जात संकलन र परिक्षण | संख्या | १ | ०.२४ | ७० | १ | ०.२४ |
| २५ | फूल तथा कट्फ्लावर उत्पादन ग्ल्याडुलस | हेक्टर | ०.१ | ०.५० | १५० | ०.१ | ०.५० |
| २६ | मखमली र सयपत्रीको फूल उत्पादन | हेक्टर | ०.२ | ०.५० | १५० | ०.२ | ०.५० |
| २७ | फार्म वगैंचा स्याहार संभार (पुरानो) | हेक्टर | २.२५ | १.५५ | ४६१ | २.२५ | १.५५ |
| २८ | फूल तथा कट्फ्लावर उत्पादन तथा व्यवस्थापन (जरवेरा, कार्नेशन, लिलि, लिमोनियम, ट्युवरोज) | हेक्टर | ०.२ | २.६९ | ८०० | ०.२ | २.६९ |
| २९ | किबि बगैंचा व्यवस्थापन | रोपनी | १ | ०.३४ | १०० | १ | ०.३४ |
| ३० | स्क्रीन हाउस भित्र मिस्ट र स्प्रीङ्कल जडान | | ३ | १.२१ | ३६० | ३ | १.२१ |
| ३१ | केन्द्रको खाली भागमा पोखरी र बाटो सहित ल्याण्डस्केपिङ्ग गरि लगाईएका जर्मप्लाज्महरुको स्याहार संभार तथा व्यवस्थापन | संख्या | ३ | ३.२६ | ९६९ | | |
| ३२ | कट फलावर फूल विरुवाको अध्ययन परिक्षण (टुलिप उत्पादन १, टियुबरोज १) | पटक | २ | ०.६७ | २०० | २ | ०.६७ |
| ३३ | फलफूल बिरुवा बिक्री वितरण : हिउँदे फलफूल १२६०० (लप्सी १००००, आरु ५००, आरुवखडा ६००, हलुवावेद १०००, नास्पाती ५००) बर्षे फलफूल ८५००( सुन्तला १०००, जुनार २००, कागती ३००, कागती विजु ७०००) | संख्या | २११०० | १.४९ | ४४३ | १३९०६ | १.४९ |
| ३४ | फलफूल बोट बिरुवा उत्पादन : कलमी हिउदे १५७०० (लप्सी ११०००, आरु ७००, आरुवखडा ८०० हलुवावेद १२००, नास्पाती ५००,कटुस ५००, ओखर ५००, चुच्चे ओखर ५००) बर्षे फलफूल ८५०० (सुन्तला १०००, जुनार २००, कागती ३००) बिजु कागती ७००० | संख्या | २४२०० | १.७१ | ५०८ | २४२०० | १.७१ |
| ३५ | फलफूल रुटस्टक विरुवा उत्पादन (तिनपाते ५०००, स्थानीय लप्सी ३१९००, स्थानीय आरु ५०००, मयल ५०००, हलुवावेद ३०००) | संख्या | ४९९०० | १.०१ | २९९ | ४९९०० | १.०१ |

| क्र. सं. | कार्यक्रम । क्रियाकलाप | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित |
| ३६ | आलङ्कारिक बिरुवा उत्पादन तथा बिक्री वितरण (मौसमी तथा सदावहार फूल २४६००, फलवरिङ्गपिच ८००, मुन्तला १०००) | संख्या | २६४०० | १.२४ | ३७० | ४२४४९ | १.२४ |
| ३७ | नेपालमा पाईने जंगलीफूल फूल्ने तथा आलंकारिक बोटको संकलन तथा संर्वद्यन( अनुगमन मुल्यांकन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च ) | पटक | ६ | ०.३७ | १११ | ६ | ०.३७ |
| ३८ | केन्द्रको कमाण्ड क्षेत्रमा रहेका हिउदे, बर्षे सुन्तलाजात फलफूल, आलंकारीक बिरुवा बालीमा बगैंचा पकेट क्षेत्रका कृषकहरुमा प्राविधिक सेवा पुऱ्याउने( अनुगमन मुल्यांकन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च ) | पटक | ६ | ०.२९ | ८५ | ६ | ०.२९ |
| ३९ | फार्मबाट बिक्रि बितरण गरिएका फलफूल बिरुवाहरुको अनुगमन गर्ने( अनुगमन मुल्यांकन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च ) | पटक | ६ | ०.२९ | ८५ | ६ | ०.२९ |
| ४० | पुष्प नीजि नर्सरीको अनुगमन तथा निरिक्षण( अनुगमन मुल्यांकन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | पटक | ८ | ०.३४ | १०२ | ८ | ०.३४ |
| ४१ | अन्य कार्यक्रम तथा प्रशासनिक अनुगमन निरिक्षण | पटक | ३ | ०.०८ | २५ | ३ | ०.०८ |
| ४२ | आलंकारिक विरुवाको माउवोट संकलन तथा संवर्धन (अनुगमन मुल्यांकन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | संख्या | ६ | ०.१४ | ४२ | ६ | ०.१४ |
| ४३ | समिक्षा गोष्ठीमा भाग लिने | पटक | ३ | ०.१० | ३० | ३ | ०.१० |
| ४४ | सवारी साधन मर्मत सुधार | संख्या | १ | १.३४ | ४०० | १ | १.३४ |
| ४५ | निर्मित प्लाष्टिक घर मर्मत संभार | संख्या | ५ | २.०२ | ६०० | ५ | २.०२ |
| क) | **चालु खर्च कार्यक्रमको जम्मा** | | | ४३.८५ | १३०३८ | | ४०.५९ |
| ख) | **कार्यक्रम खर्च तर्फको जम्मा (क+ख)** | | | ७६.८७ | २२८६० | | ६७.७८ |
| ग) | **उपभोग+ कार्यालय सञ्चालन खर्च)** | | | २३.१४ | ६८८२ | | २३.१४ |
| घ) | **कूल जम्मा खर्च (ग+ घ )** | | | १०० | २९७४२ | | ९०.९२ |

**भारित प्रगति प्रतिशत : ९०.९२** **वित्तीय प्रगति प्रतिशत : ८८.३**

## ख) कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम

(पुष्प विकास केन्द्र र फ्लोरिकल्चर एशोसिएसन नेपालको साझेदारीमा) बजेट शिर्षक नं. : ३१२१०२

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | बजेट खर्च |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित | |
| १ | **लागत साझेदारी पुष्प जन्य ब्यवसाय विस्तार कार्यक्रम** | | | | | | | |
| १ | क्षेत्रीय पुष्प मेला प्रदर्शनी | पटक | २ | २.१९ | १,००० | २ | २.१९ | १,००० |
| २ | गोदावरी पुष्पको मेला प्रदर्शनी (ललितपुर) | पटक | १ | १.१० | ५०० | १ | १.१० | ५०० |
| ३ | केन्द्रियस्तरको सरोकारवालसँग समन्वय बैठक | पटक | ३ | ०.३३ | १५० | ३ | ०.३३ | १५० |
| ४ | विज्ञहरुको कार्यदलको बैठक | पटक | ३ | ०.३३ | १५० | ३ | ०.३३ | १५० |
| ५ | पुष्प तथ्याँक तथा बार्षिक प्रगति पुस्तिका प्रकाशन | पटक | १ | ०.३३ | १५० | १ | ०.३३ | १५० |
| ६ | वनस्पति विभाग र पुष्प विकास केन्द्रसँगको सहकार्यमा रैथाने आलंकारिक विरुवाहरुको पहिचान, संकलन तथा व्यावसायिकरण गर्ने | पटक | १ | ०.४४ | २०० | १ | ०.४४ | २०० |
| ७ | संयुक्त अनुगमन तथा सुपरिवेक्षण | पटक | ६ | ०.५३ | २४० | ६ | ०.५३ | २४० |
| ८ | फ्लोरिकल्चर एशोसिएसन नेपालको कार्यक्रम सञ्चालनको लागि प्रशासनिक खर्च | पटक | १२ | २.६३ | १,२०० | १२ | २.६३ | १,२०० |
| ९ | वनस्पति विभाग र पुष्प विकास केन्द्रसँगको सहकार्यमा रैथाने आलंकारिक विरुवाहरुको पहिचान गरि व्यवसायिकरणको सम्भाब्यताका लागि ग्रिनहाउसमा परिक्षण उत्पादन | पटक | १ | ०.५५ | २५० | १ | ०.५५ | २५० |
| १० | सयपत्रीको प्रशोधन उद्योगको लागि परिक्षण उत्पादन | पटक | १० | ३.०७ | १,४०० | १० | ३.०७ | १,४०० |
| ११ | राष्टिय पुष्प मेला प्रदर्शनी | पटक | १ | ४.३८ | २,००० | १ | ४.३८ | २,००० |
| १२ | नार्क तथा पुष्प विकास केन्द्रसँगको सहकार्यमा जरबेराको प्रमुख रोग तथा किराहरुको पहिचान, नियन्त्रण प्रविधिको प्रचार प्रसार (निरन्तरता) | पटक | १ | ०.४४ | २०० | १ | ०.४४ | २०० |
| १३ | बिश्वबिद्यालयको सहकार्यमा एन्टि रेडियसन प्लान्टको व्यवसायीकरणका लागि परिक्षण उत्पादन | पटक | १ | १.१० | ५०० | १ | १.१० | ५०० |
| १४ | पुष्प खेतीको मल प्रयोग सम्बन्धी प्राविधिक पुस्तिका तयारी एंव प्रकाशन | प्रति | १००० | ०.४४ | २०० | १००० | ०.४४ | २०० |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | बजेट खर्च |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित | |
| १५ | उद्यमशीलता विकास तालिम काठमाण्डौ, पोखरा, धरान | पटक | ३ | १.३१ | ६०० | ३ | १.३१ | ६०० |
| १६ | आयत प्रतिस्थापन तथा निर्यात बृद्धि गोष्ठी | पटक | १ | ०.३३ | १५० | १ | ०.३३ | १५० |
| १७ | नेपालमा पुष्प व्यवसाय वारे एक दिवसीय गोष्ठी (प्रदेशस्तर) | पटक | ६ | ०.७९ | ३६० | ६ | ०.७९ | ३६० |
| १८ | पुष्प परार्मश केन्द्र स्थापना र सञ्चालन | पटक | ५ | ४.३८ | २,००० | ५ | ४.३८ | २,००० |
| १९ | पुष्प सम्बन्धी डकुमेन्ट्री कार्यक्रम निर्माण | पटक | ३ | २.३० | १,०५० | ३ | २.३० | १,०५० |
| २० | रेडियो एफ.एम बाट पुष्प सम्बन्धी कार्यक्रम प्रसारण | पटक | २४ | ०.६६ | ३०० | २४ | ०.६६ | ३०० |
| २१ | लालीगुराँस फूलको व्यवसायीक उत्पादन उत्पादनको लागि सम्भाब्यता अध्ययन (वनस्पति विभाग र पुष्प विकास केन्द्रसँगको सहकार्यमा) | पटक | १ | १.३१ | ६०० | १ | १.३१ | ६०० |
| २२ | ग्रिनहाउस व्यवस्थापन तालिम | पटक | ३ | १.३१ | ६०० | ३ | १.३१ | ६०० |
| **२** | **साना पुष्प ब्यवसायिहरुलाई अनुदान सहयोग** | | | | | | | |
| १ | आधुनिक ग्रिनहाउस (१९२ वर्ग मिटर) | संख्या | २५ | १२.०५ | ५,५०० | १७ | ८.१० | ३,७४० |
| २ | आधुनिक ग्रिनहाउस (३८४ वर्ग मिटर) | संख्या | ५ | ४.१७ | २,१५० | ० | | – |
| ३ | पोर्टेवल कोल्ड रुम (५ X३ X३) व.मी. | संख्या | २ | ४.६० | २,१०० | ० | | – |
| ४ | आधुनिक पुष्प कटफलावर आउटलेट | संख्या | १ | २.१९ | १,००० | १ | २.१९ | १,००० |
| ५ | कटफलावर बिक्रेतालाई चिललर वितरण १००० ली. | संख्या | ५ | १.१० | ५०० | ३ | ०.६५ | ३०० |
| ६ | आधुनिक पुष्प सजावट सामाग्री | संख्या | २ | २.७४ | १,२५० | २ | २.७४ | १,२५० |
| **३** | **ठुला पुष्प फार्म तथा ब्यवसायिहरुलाई अनुदान सहयोग** | | | | | | | |
| १ | आधुनिक ग्रिनहाउस (१००८ वर्ग मिटर) | संख्या | ५ | १२.५९ | ५,७५० | ५ | १२.५९ | ५,७५० |
| २ | आधुनिक ग्रिनहाउस (२०१६ वर्ग मिटर) | संख्या | ४ | १९.४० | ८,८६० | २ | ९.७० | ४,४३० |
| ३ | हिटिङ्ग कुलिङ्ग सिस्टमको रुटिङ्ग प्रसारण ग्रिनहाउस (१००८ वर्ग मिटर) | संख्या | १ | ६.५७ | ३,००० | १ | ६.५७ | ३,००० |
| ४ | सिड चेम्बर स्थापना (नर्सरीको लागि गुणस्तरिय बिउ उमार्न) | संख्या | ५ | ३.८३ | १,७५० | ० | | – |
| | **चालु खर्च कार्यक्रमको जम्मा** | | | १०० | ४५,६६०.० | | ७२.७९ | ३३,२७०.० |

## २.४ सञ्चालित कार्यक्रमहरुको संक्षिप्त विवेचनात्मक प्रगति विवरण

### पुँजिगत कार्यक्रम तर्फ

**१. फर्निचर खरिद - १६ थान**

यस केन्द्रको प्रयोजनको लागि रिभल्विङ्ग चियर १, स्टील दराज २, टेबुल २, पलङ २, कुर्सी १० थान खरीद गरी कार्यालयको प्रयोगमा ल्याई कार्यक्रम सञ्चालन गरिएको ।

**२. मेशनरी औजार तथा उपकरण खरीद - १९ थान**

यस केन्द्रको प्रयोजनको लागि क्यामरा १, जिपीएस म्याप १, मोनिटर १, मल्टीमिडिया प्वाईन्टर १, सिकेचर ७, करौती ८, मल्टीमिडिया स्क्रीन १ तथा पावरस्प्रेयर १, ल्यापटप कम्युटर १ गरी जम्मा २१ थान खरीद गरी सामाग्री प्रयोगमा ल्याई कार्यक्रम सञ्चालन गरिएको ।

**३. शौचालय निर्माण - १**

यस केन्द्रमा कार्यालय भवन देखि टाढा रहेको फिल्डमा ज्यामीहरुको प्रयोजनको लागि १ वटा शौचालय निर्माणको कार्य सम्पन्न भएको ।

**४. पोखरी मर्मत सुधार - १**

यस केन्द्रमा रहेको पुरानो पोखरीको पर्खालहरु बाट पानी चुहिने जस कारणले पानी संकलन हुन नसकि सिचाई कार्यमा बाधा पुगि रहेको ले यस आ.व.मा सो पोखरीको मर्मत संभार कार्य सम्पन्न भएको ।

**४. भूकम्पबाट क्षति भएको आवास तथा पाले घर मर्मत सुधार - २**

२०७२।१।१२ गते आएको महाबिनाशकारी भूकम्पबाट केन्द्रका आवास भवनहरुमा क्षति पुगेका भवनहरुलाई यस आ.व.मा मर्मत गरि प्रयोगमा समेत ल्याई कार्यक्रम सम्पन्न गरिएको ।

**५. बाटो मर्मत सुधार - १०० मीटर**

यस केन्द्रमा रहेका कच्ची बाटोलाई ढुङ्गाको वाल लगाई ग्रेभल गर्ने लक्ष्य रहेकोमा बिनियोजित बजेट बाट १०० मीटर ग्रेभल गर्ने कार्य सम्पन्न भएको ।

**६. पुरानो कूलो मर्मत सुधार - १०० मीटर**

केन्दको फलफूल बिरुवा उत्पादन प्लटहरुमा सिचाई गर्नको लागि १०० मीटर लक्ष्य रहेकोमा बिनियोजित बजेट बाट ९० मीटर मात्र निर्माण भएको ।

**७. कार्यालय भवनमा थप गरिएको कोठाहरुको फिनिसिङ्ग गर्ने - १**

गत वर्ष कार्यालय भवन माथि थप गरिएको ३ कोठा बजेट अपुग भई फिनिसिङ्ग र टवाईलेटको कार्यहरु बाकी रहना गएकोले यस आ.व.को कार्यक्रम प्रस्ताव गरि फिनिसिङ्ग र टवाईलेटको सम्पूर्ण कार्य सम्पन्न भई प्रयोगमा ल्याई सकिएको ।

**८. कोल्डचेन व्यवस्थापन - १**

जग्गाको लेबल मिलाई फाउण्डेशन बनाउने कार्य भएको र भारत बाट सामान ल्याई जडान गरिने कार्य सम्पन्न भएको ।

**९. हाईटेक ग्रिनहाउस निर्माण - १**

जग्गाको लेबल मिलाई फाउण्डेशन बनाउने कार्य भएको र भारतबाट सामान ल्याई जडान गरिने कार्य भई रहेको ।

## चालु कार्यक्रम तर्फ

**१. कटफ्लावर पुष्प उत्पादन सम्बन्धी अध्ययन भ्रमण - २**

यस आ.व.को बार्षिक कार्यक्रम अनुसार कट्फलावर पुष्प उत्पादन सम्बन्धी अध्ययन भ्रमण भारतमा गर्ने गरि राखिएकाले सो भ्रमण कार्यक्रम अन्तर्गत भारतको दिल्ली, मुम्बाई र पुनेमा पुष्प विकास केन्द्रबाट ४ जना तथा कृषि बिभागबाट १ जना गरि ५ जना टोलीको सहभागितामा पुष्प सम्बन्धी अध्ययन भ्रमण कार्यक्रम सम्पन्न गरिएको ।

**२. पुष्प बगैंचा तथा पार्क व्यवस्थापन सम्बन्धी तालिम**

यस केन्द्रमा २०७४ भाद्र २७ देखि २९ गते सम्म पार्क तथा बगैंचा व्यवस्थापन विषयक ३ दिने तालिम पार्क तथा कार्यालयमा कार्यरत बगैंचेहरुलाई यस केन्द्र, फ्यान, फलफूल विकास निर्देशनालय, राष्टिय बनस्पति उद्यान तथा हर्टिकल्चर सोसाईटीका प्रशिक्षकहरुको सहभागितामा सञ्चालन गरी सम्पन्न गरियो । जसमा विभिन्न जिल्ला बाट महिला ९ र पुरुष १४ गरि जम्मा २३ जना कृषकहरुको सहभागिता रहेको थियो ।

**३. स्थलगत घुम्ति कृषक तालिम (बा.लक्ष्य- ३, ते.चौ. लक्ष्य - १ पटक)**

यस कार्यक्रम अन्तर्गत चालु आ.व.को प्रथम, दोश्रो र तेश्रो चौमासिक अवधिमा १/१ वटा स्थलगत तालिम विभिन्न ठाउँमा सञ्चालन गरि सम्पन्न गरिएको ।

क. महालक्ष्मी नगरपालिका लुभु, ललितपुर- ४५ जना महिला कृषकको सहभागिता

ख. बिदुर न.पा नुवाकोट-२५ जना कृषकको सहभागिता

ग. गोदावरी न.पा ललितपुर-२६ जना कृषकको सहभागिता

**४. स्कूल हर्टिकल्चर कार्यक्रम (बा.लक्ष्य - ३, ते.चौ. लक्ष्य - १ पटक)**

यस कार्यक्रम अन्तर्गत चालु आ.व.को प्रथम, दोश्रो र तेश्रो चौमासिक अवधिमा १/१ वटा तालिम विद्यार्थीहरुलाई फलफूल तथा आलंकारिक फूल विरुवाहरु सम्बन्धी ज्ञान दिई विद्यालय प्रांगणमा फूल विरुवा रोप्न लगाई कार्यक्रम सम्पन्न गरिएको ।

क. फूल्चोकी उच्च मा.वि. - ३३ जना विद्यार्थीहरुको सहभागिता
ख. सरस्वती उच्च मा.वि. गोदावरी न.पा. - ४५ जना विद्यार्थीहरुको सहभागिता
ग. बिश्वामित्र गणेश मा.वि. महालक्ष्मी न.पा. - ५१ जना विद्यार्थीहरुको सहभागिता

**५. पुष्प उत्पादन तथा व्यवसाय प्रवर्द्धन कृषक तालिम (बा.लक्ष्य-३, ते.चौ. लक्ष्य - १ पटक)**

यस केन्द्रको बार्षिक कार्यक्रम अनुसार प्रथम, दोश्रो र तेश्रो चौमासिकमा पुष्प उत्पादन तथा व्यवसाय प्रबर्द्धन कृषक तालिम यस केन्द्र, फलफूल विकास निर्देशनालय, फ्यान र बनस्पति उधानका प्रशिक्षकहरुको सहभागितामा सञ्चालन गरी सम्पन्न गरियो जसमा तपशिल अनुसार कृषकहरुको सहभागिता रहेको थियो ।

क. २०७४ भाद्र १४ देखि १९ गते सम्म १२ जिल्लाबाट - २३ कृषकको सहभागिता
ख. २०७४ फाल्गुन २८ देखि चैत्र ३ गते सम्म १४ जिल्लाबाट - २३ कृषकको सहभागिता
ग. २०७५ जेष्ठ १६ देखि २१ गते सम्म १२ जिल्लाबाट - ३२ कृषकको सहभागिता

**६.. पुष्प उत्पादन तथा व्यवसाय प्रवर्द्धन विषयक प्राविधिक तालिम -१ पटक**

यस केन्द्रमा २०७४ कार्तिक १९ देखि २४ गते सम्म पुष्प उत्पादन तथा ब्यवसाय प्रबर्द्धन विषयक १ हप्ते प्रा.स./ना.प्रा.स. तालिम यस केन्द्र, फयान, फलफूल विकास निर्देशनालय, वनास्पतिक उद्यान, तथा पुष्प सम्बन्धी अन्य निकायका प्रशिक्षकहरुको सहभागितामा सञ्चालन गरी सम्पन्न गरियो । जसमा जिल्ला कृषि विकास कार्यालय बाट १७ जना र फार्म केन्द्रबाट ७ जना गरि २४ जना प्राविधिकहरुको सहभागिता रहेको थियो ।

**७. पुष्प प्रदर्शनीमा सहभागी हुने -(बा.लक्ष्य-२ पटक)**

यस कार्यक्रम अन्तर्गत कृषि विकास मन्त्रालय र FAN को सयुक्त आयोजनामा २०७४/६/२६ देखि २०७४/६/२९ गते सम्म ललितपुरको जावलाखेलमा आयोजना भएको गोदावरी प्रतियोगात्मक पुष्प मेलामा प्रदर्शनीमा तथा २०७४/१२/३० देखि २०७५/१/२ सम्म आयोजना भएको अन्तर्राष्ट्रिय पुष्प मेलामा यस केन्द्रको स्टल राखी पुष्प सम्बन्धी गतिविधि बारे जानकारी गराई कार्यक्रम सम्पन्न गरिएको ।

**८. वार्षिक पुस्तिका प्रकाशन - १५० प्रति**

यस केन्द्रबाट सञ्चालित विभिन्न कार्यक्रम तथा प्रगति लगायत केन्द्रको गतिविधिबारे जानकारी गराउन १५० प्रति वार्षिक तथ्याङ्क पुस्तिका प्रकाशन गरि सम्बन्धी निकायहरुमा पठाईएको ।

**९. पुष्प पकेट क्षेत्रमा पुष्प कम्पोजिट कीट वितरण - १५०**

पुष्प पाकेट क्षेत्रमा पुष्प कम्पोजिट कीट वितरण बर्षे कार्यक्रम अन्तर्गत ६ जातको ७५ प्याकेट र हिउँदे ६ जातको ७५ बीउहरुको कम्पोजिट प्याकेट बनाई पुष्प नर्सरी तथा कृषकलाई वितरण गरिएको ।

**१०. कमाण्ड एरियाका फलफूल नीजि नर्सरीहरुलाई सुदृढिकरणको लागि आर्थिक सहयोग - ४**

निजि नर्सरीहरु लाई सुदृढिकरणमा आर्थिक सहयोग उपलब्ध गराउने उद्देश्यले प्रस्ताव गरिएको यो कार्यक्रम अन्तर्गत १५ दिने राष्ट्रिय पत्रिका सुचना प्रकाशित गरि प्रस्ताव माग गरिएकोमा ७ वटा नर्सरीबाट प्रस्ताव प्राप्त भई छनौट प्रकृयाबाट ४ वटा नर्सरी अनुदानको लागि छनौट भई ग्रिनहाउस निर्माणको कार्य सम्पन्न गरिएको ।

क. इरश नर्सरी, गोदावरी न.पा.-१० ललितपुर

ख. ए.वन एग्रोग्राम प्रा.लि., तारकेश्वर न.पा. ६ काठमाण्डौ

ग. सन्तानेश्वर नर्सरी, गोदावरी न.पा. १४ ललितपुर

घ. दिपेश नर्सरी, बैजनाथ गा.पा. ५ बाँके

**११. पुष्प खेती सम्बन्धी क्याटलग प्रकाशन तथा बितरण - ३०० प्रति (तेश्रो चौमासिक)**

पुष्पका विभिन्न हिउँदे, बर्षे, इन्डोर, आउटडोर, हेजप्लान्ट, फूल्ने बिरुवा लगायत अन्य आलकारिक बिरुवाहरु लाई समेटेर रंगिन फोटो तथा बिरुवाको विवरण सहितको क्याटलग ३००० प्रति प्रकाशन गरिएको ।

**१२. केन्द्रको बेवभसाइट तयार गर्ने :- १**

केन्द्रबाट सञ्चालित विभिन्न गतिविधिहरु लाई बेवभसाइटमा राखी पुष्प उत्पादन तथा व्यवसायमा लाग्ने कृषकहरुलाई प्राविधिक तथा अन्य जानकारी प्राप्त गर्न सकिने उद्देश्यले केन्द्रको बेबभसाइट तयार गरी सञ्चालनमा ल्याइएको ।

**१३. केन्द्रको बृतचित्र तयार गरि प्रचार प्रसार - १ पटक**

केन्द्रमा भई रहेका विभिन्न गतिविधिको प्रचार प्रसार गर्ने उद्देश्यले बृतचित्र तयार गरी प्रसारण समेत भईसकेको ।

**१४. पुष्प खेती सम्भायता अध्ययन - २**

पुष्प खेतीको क्षेत्र बिस्तार गरिने उद्देश्यले प्रस्ताव गरिएको यो कार्यक्रम अन्तर्गत बाग्लुङ्ग र पर्वत जिल्लामा गोष्ठी र तथ्याङ्क सकलन गरि कार्यक्रम सम्पन्न गरिएको ।

**१६. कार्यालय भवनहरुको ल्याण्डस्केपिङ्ग गरि विभिन्न आलंकारिक बिरुवाको रोपण तथा सजावट गर्ने (कृषि विभाग/जि.कृ.वि.का./निर्देशनालय ) - २**

यस कार्यक्रम अन्तर्गत कृषि विभाग गेट देखि राजश्व प्रशासन तालिमसम्म बाटोको भागमा ल्याण्डस्केपिङ्ग गरि आलंकारिक बिरुवाको रोपण तथा सजावट गर्ने कार्य सम्पन्न गरिएको ।

**१७. स्थानीयस्तरमा उपलब्ध मौसमी तथा सदाबहार फूलको बीउ उत्पादन -३ केजी**

स्थानीय स्तरमा उपलब्ध रहेका सयपत्री र मखमलीका विभिन्न जातहरुको ३ केजी बीउ उत्पादन गर्ने लक्ष्य अनुसार यस केन्द्रमा सयपत्री र मखमलीका विभिन्न जात रोपण कार्य गरि, मखमलीको बीउ १ केजी तथा सयपत्रीको बीउ २ केजी उत्पादन गरि बिक्री बितरण भई रहेको ।

**१८. आलंकारिक फूल बगैंचा व्यवस्थापन र स्याहार संभार (बा.लक्ष्य - १ हेक्टर)**

केन्द्रमा १ हेक्टर क्षेत्रफलमा रहेको विभिन्न फूल वगैंचाहरुको स्याहार संभार गर्ने कार्यक्रम अन्तर्गत सरसफाई, गोडमेल, मलजल तथा नयाँ बिरुवा रोपण समेत गरी बगैंचाको स्याहार संभार गर्ने कार्य सम्पन्न गरिएको ।

**१९. नर्सरी फूल नयाँ विरुवा रोपण र बगैंचा विस्तार - ०.१ हेक्टर**

यस केन्द्र भित्र नयाँ बिरुवा रोपण कार्यक्रम अन्तर्गत जरबेरा ८०० बोट तथा विभिन्न आलंकारिक नयाँ बिरुवा संकलन गरि रोपण कार्य सम्पन्न गरि बगैंचा बिस्तार गरिएको ।

**२०. आलंकारिक बिरुवाका माउ बोट संकलन तथा संबर्द्धन (बा.लक्ष्य-१५०, ते.चौ.लक्ष्य-५० गोटा)**

यस कार्यक्रम अन्तर्गत बार्षिक १५० वटा मध्ये तेश्रो चौमासिक अवधिमा ५० बोट आलंकारीक फूलका विरुवा संकलन गर्ने कार्यक्रम रहेकोमा विभिन्न ठाउँका नर्सरीबाट विभिन्न जातका १५० बोट आलंकारिक फूल बिरुवा संकलन गरि ल्याई संवर्धन गर्ने कार्य भईरहेको ।

**२१. सुनाखरी फूलको माउ बोट संकलन (बा.लक्ष्य-५०, ते.चौ. लक्ष्य - ५० गोटा)**

सुनाखरी फूलको विभिन्न नयाँ जातका बिरुवा-३६ गोटा बिनियोजित बजेट रकमबाट संकलन गरि माउ बोटको रुपमा संबर्द्धन गर्ने कार्य भईरहेको ।

**२२. नेपालमा पाइने जगली फूल फूल्ने तथा आलंकारिक बोटको संकलन तथा संबर्द्धन (बा.लक्ष्य-१००, ते.चौ. लक्ष्य - २० बोट)**

यस कार्यक्रम अन्तर्गत बार्षिक १०० वटा मध्ये तेश्रो चौमासिक अवधिमा २० बोट जंगली फूल फुल्ने विरुवा संकलन गर्ने कार्यक्रम रहेकोमा यस केन्द्रका कर्मचारीहरुको टोलीले फूलचोकी र दामन क्षेत्रको जंगल तथा निजि नर्सरीबाट विभिन्न जातका १०० बोट आलंकारिक फूल बिरुवा संकलन गरि ल्याई, संबर्द्धन गर्ने कार्य चालु रहेको ।

**२३. ल्याण्डस्केपिङ्ग गरि विभिन्न आंलकारिक बिरुवाको जर्मप्लाज्म संरक्षण सम्बर्द्धन - १**

कार्यालय भवनको अगाडिको भागमा देखि केन्द्रको गेट सम्मको भागमा ल्याण्डस्केपिङ्ग कार्यक्रम अन्तर्गत प्लट तथा बाटो सहित डिजाइन गरि विभिन्न आलंकारिक विरुवा रोपण कार्य गरिएको ।

**२४. प्रविधि प्रदर्शन कार्यक्रम ( मखमली र सयपत्री फूलको स्थानीय जात संकलन र परिक्षण) - १**

स्थानीय स्तरमा उपलब्ध रहेका सयपत्री र मखमलीका विभिन्न जातहरुको बीउ संकलन गरिएको तथा सो बीउहरुको परिक्षण कार्य तेश्रो चौमासिकमा शुरु गरिने गरि कार्य भईरहेको ।

**२५. फूल तथा कटफलावर उत्पादन ग्ल्याडुलस - ०.१ हेक्टर**

ग्ल्याडुलस-०.१ हेक्टर लगाउनका लागि जग्गा तयारी गरि लगाउने कार्य समेत सम्पन्न गरिएको ।

**२६. मखमली र सयपत्री फूल उत्पादन - ०.२ हेक्टर**

मखमली र सयपत्रीको ताजा फूल उत्पादनको लागि जग्गा तयारी बेर्ना उत्पादनको कार्य भई रहेको ।

**२७. फार्म बगैंचा स्याहार संभार (बा.लक्ष्य - २.२५ हेक्टर, तेश्रो लक्ष्य - २.२५ हे.)**

यस केन्दमा २.२५ हे. मा रहेका आरुबखडा, आरु, नास्पाती किबी, कटुस, मुन्तला, जुनार सुन्तला लगायत अन्य फलफूल माउ वगैंचाहरुको काटछाँट, सरसफाई, गोडमेल, रसायनिक र कम्पोष्ट मल, तथा विभिन्न शुक्ष्मतत्वहरुको प्रयोग गरी बगैंचा स्याहार संभार गर्ने कार्य सम्पन्न गरिएकोले ।

**२८. फूल तथा कटफ्लावर उत्पादन व्यवस्थापन (कार्नेशन, जरबेरा, ट्युबरोज, लिलि) - ०.२ हेक्टर**

यस केन्द्रमा लगाई राखिएको कटफ्लावर कार्नेशन, जरबेरा र जिप्सोफिलाको स्याहार संभार कार्य निरन्तर भई रहेको तथा जग्गा तयारी गरी अन्य नयाँ जातका कटफ्लावर लगाउने कार्य सम्पन्न गरिएको ।

**२९. किबि बगैंचा व्यवस्थापन - १ रोपनी**

| २० | क्रोटोन | Croton | – | ६५/– | रंगिन पात |
| २१ | स्वस्थानी फूल | Flame vine | – | ६५/– | बहुवर्षे फूल |
| २२ | सिउँडी फूल | Crown of thorn | – | ६५/– | क्याक्टस |
| २३ | क्लिभिया | Clivia | – | ६५/– | बहुवर्षे फूल |
| २४ | गोठाले फूल | Chonemorpha | – | ६५/– | लहरे बहुवर्षे फूल |
| २५ | हसना फूल | Cestrum | – | ६५/– | बहुवर्षे फूल |
| २६ | चिनिया गुराँस | Camellia | – | ६५/– | बहुवर्षे फूल |
| २७ | निलजाई | Burnfelsia | – | ६५/– | बहुवर्षे फूल |
| २८ | धाम्सेनिया | Bleeding heart | – | ६५/– | लहरे बहुवर्षे फूल |
| २९ | स्वर्गको चरा | Bird of paradise | – | ७५/– | बहुवर्षे फूल |
| ३० | फिलोडेन्ड्रोन | Philodendron | – | ७५/– | ईन्डोर प्लान्ट |
| ३१ | प्रेयर प्लान्ट | Prayer plant | – | ७५/– | ईन्डोर प्लान्ट |
| ३२ | पिपेरोमिया | Peperomia | – | ७५/– | ईन्डोर प्लान्ट |
| ३३ | ड्रेसिना | Dreseena | – | ७५/– | ईन्डोर प्लान्ट |
| ३४ | सिडम | Sidum | – | ६५/– | ईन्डोर प्लान्ट |
| ३५ | एस्पिड्रेष्टा | Aspidresta | – | ६५/– | ईन्डोर प्लान्ट |
| ३६ | जेब्रा | Zebra plant | – | ७५/– | ईन्डोर प्लान्ट |
| ३७ | जाकोबानिया | Flamingo plant | – | ६५/– | बहुवर्षे फूल |
| ३८ | कनकन चम्पा | | – | ६५/– | बहुवर्षे फूल |
| ३९ | गोडासिलो | Godashilo | – | ६५/– | बहुवर्षे फूल |
| ४० | थम्बरजिया | Thunbergia | – | ६५/– | लहरे फूल |
| ४१ | होष्टा | Plantain lily | – | ७५/– | ईन्डोर प्लान्ट |
| ४२ | बिगोनिया | Begoniya | – | ६५/– | बहुवर्षे फूल |
| ४३ | वगनबेलिया | Bougainvillea | – | ६५/– | बहुवर्षे फूल |

**बहु वर्षे फुलका बिरुवाहरु (एक वर्ष भन्दा माथिको)**

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | रक्तकमल | Soucer Magnolia | ७५/– | रुख फूल |
| २ | लाली गुराँस | Rhododendron | ७५/– | रुख फूल |
| ३ | थाकल | Phoenix | १५०/– | हरियो रुख |

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | दर रु. | कैफियत |
|---|---|---|---|---|
| ४ | जमानेमान्द्रो | Mahonia | १५०/– | हरियो रुख |
| ५ | राजवृक्ष | Golden shower | १५०/– | रुख फूल |
| ६ | फुल खेल्ने आरु | Flowering peach | १५०/– | रुख फूल |
| ७ | समी | Ficus | १५०/– | रुख फूल |
| ८ | पाल्चा स्वाँ | Coral tree | १५०/– | रुख फूल |
| ९ | असारे | Crape myrtle | १५०/– | रुख फूल |
| १० | मल्ता स्वाँ | Coral tree | १५०/– | रुख फूल |
| ११ | टाटे सिरिस | Cassia biflora | १५०/– | रुख फूल |
| १२ | निलो सिरिस | Blue mohore | १५०/– | रुख फूल |
| १३ | गैंडे फूल | Casssia | १५०/– | रुख फूल |
| १४ | चिनिया गुराँस | Camellia | १५०/– | रुख फूल |
| १५ | रुखकमल | Sothern magnolia | १५०/– | रुख फूल |
| १६ | साईकस | Cycas | १५०/– | हरियो रुख |
| १७ | निलजाई | Burnfelsia | १५०/– | वहुवर्षे फूल |

- एजेलिया बिरुवाको मूल्य — फूल नफुलेको बिरुवा - ५x७ पोलि व्यागमा — रु. ६५।-
- हेज बिरुवाहरुको हकमा — खेतबाट खनेर दिने बिरुवाहरु प्रति बिरुवा — रु. ७।-
  - ५x७ पोलि व्यागमा राखेको बिरुवा — रु. २०।-
- क्याक्टस प्रजातिका बिरुवा — ५x७ पोलि व्यागमा राखेको — रु. ६५।-
  - गमला ८ इन्चमा राखेको — रु. १७५।-
- सुनाखरी बिरुवाको मूल्य (फूल नफुलेको बिरुवा) माउ बोटबाट छुट्याएको १ वर्षसम्म
  - ६x१० ईन्चको पेलिव्यागमा तयार पारेको बिरुवा — रु. ३००।-
  - प्लाष्टिक गमलाको फुल नफुलेको बिरुवा — रु. ६००।-
- Flowering stick सहितको बिरुवा (२ वर्षको) — रु. १,२००।-

## ३.९ ताजा फलफूलहरुको मूल्य सूची

| क्र.सं. | विवरण | रु./के.जी. | कैफियत |
|---|---|---|---|
| १ | आरु | २५/– | बजार भाउ अनूसार थपघट हून सक्ने । |
| २ | आरुबखडा | २५/– | |
| ३ | नास्पाती | २५/– | |
| ४ | लप्सी | २५/– | |

## ३.१० ताजा फूलको दर रेट

| सि.न | फूलको नाम | प्रति फूल (स्पाईक) रु. | कैफियत |
|---|---|---|---|
| १ | जरबेरा | १०/- | कटफ्लावर |
| २ | कार्नेसन | ८/- | कटफ्लावर |
| ३ | गुलाफ | ८/- | कटफ्लावर |
| ४ | ग्ल्याडुलस | ८/- | कटफ्लावर |
| ५ | सयपत्री फूल (ठुलो) | १००/- प्रति के.जी | ताजा फूल |
| ६ | सयपत्री (कलकत्तिया) | १५०/- प्रति के.जी | ताजा फूल |
| ७ | मखमली | १५०/- प्रति के.जी | ताजा फूल |
| ८ | गोदावरी | १०/- प्रति स्पाइक | ताजा फूल |

## ३.११ स्थानीय फूलको बिउको दररेट

| सि.नं. | फूलको नाम | प्रति फूल (स्पाईक) रु. | कैफियत |
|---|---|---|---|
| १ | सयपत्री थुंगे ठुलो फूलको बिउ | १५,०००/- | |
| २ | मखमली फूलको बिउ | १८,०००/- | |
| ३ | ग्ल्याडुलस बल्ब (दाना) ६ एमएम | ५/- | |
| ३.१ | दाना साइज ८ एमएम | ७/- | |
| ३.२ | दाना साइज १० एमएम | ८/- | |
| ३.३ | दाना साइज १२ एमएम | १०/- | |
| ४ | लाहुरे फूलको गाना ६ एमएम | १५/- | |
| ४.१ | दाना साइज ८ एमएम | १८/- | |
| ४.२ | दाना साइज १० एमएम | २०/- | |
| ४.३ | दाना साइज १२ एमएम | २५/- | |

## ३.१२ नेपालमा प्रचलित विभिन्न मौसमी फूलहरुको खेती गरिने समय तालिका

| क्र. सं. | नेपाली नाम | अंग्रेजी नाम | बिरुवा लगाउने समय | फूल फूल्ने समय | रंग |
|---|---|---|---|---|---|
| १ | असर्फि फूल | Calendula | असोज-कात्तिक | फागुन - जेठ | सुन्तला, पहेंलो, सुनौलो |
| २ | भ्यागुते फूल | Snapdragon | असोज -कात्तिक | फागुन - चैत | बहुरंग |
| ३ | हलिहक | Hollyhock | असोज -कात्तिक | फागुन | बहुरंग |
| ४ | आलंकारिक बन्दा | Ornamental cabbage (Kale) | असोज -कात्तिक | फागुन - चैत | सेतो, प्याजी, हरियो |

| क्र. सं. | नेपाली नाम | अंग्रेजी नाम | बिरुवा लगाउने समय | फूल फूल्ने समय | रंग |
|---|---|---|---|---|---|
| ५ | नवरंगी | Sweet sultan | असोज कात्तिक | फागुन | बहुरंग |
| ६ | सिनेरिया | Cineria | असोज कात्तिक | फागुन | बहुरंग |
| ७ | डेन्थस | Dianthus | असोज कात्तिक | फागुन | बहुरंग |
| ८ | परेवा फूल | Larkspar | असोज -कात्तिक | फागुन | गुलावी, निलो, सेतो |
| ९ | सूर्यमुखी फूल | Sunflower | असोज-कात्तिक | फागुन | पहेंलो, रातो, गुलावी |
| १० | लुपिन | Lupin | असोज-कात्तिक | फागुन | निलो, सेतो |
| ११ | केराउ फूल | Sweet Pea | असोज-कात्तिक | फागुन | बहुरंग |
| १२ | स्टक | Stock | असोज | फागुन | प्याजी, गुलावी, सेतो |
| १३ | अफिम फूल | Ophium Poppy | असोज | फागुन | निलो, सेतो, रातो |
| १४ | सोली फूल | Petunia | असोज-कात्तिक | फागुन-चैत्र | प्याजी, गुलावी, सेतो, बहुरंग |
| १५ | फ्लक्स | Phlox | असोज-कात्तिक | फागुन-चैत | प्याजी, गुलावी, सेतो |
| १६ | पेन्जी | Pansy | असोज-कात्तिक | फागुन | बहुरंग |
| १७ | गलैंचा फूल | Verbena | असोज-कात्तिक | फागुन | रातो, प्याजी, गुलवी, सेतो |
| १८ | लट्टे फूल | Amaranthus | बैसाख- जेठ | भदौ-असोज | सुनौलो, रातो, सुन्तला |
| १९ | चाँया फूल | Cockscomb | बैसाख- जेठ | भदौ-असोज | रातो, पहेंलो, सुन्तला |
| २० | आलंकारिक खुर्सानी | Ornamaental Papper | बैसाख-जेठ | भदौ-असोज | रातो, पहेंलो, |
| २१ | ग्यान्ताका | China Aster | बैसाख-जेठ | भदौ-असोज | प्याजी, निलो, गुलावी, सेतो |
| २२ | मखमली | Gomphrena | बैसाख-जेठ | असोज-कात्तिक | कलेजी, सेतो |
| २३ | तारामण्डल | Double Sunflower | बैसाख-जेठ | भदौ-असोज | पहेंलो |
| २४ | तिउरी फूल | Golden Balsam | चैत-जेबठ | भदौ-असोज | रातो, गुलावी, प्याजी |
| २५ | विहीं फूल | Winter Cherry | बैसाख-जेठ | भदौ-असोज | रातो, पहेंलो |
| २६ | ल्वाङ्ग फूल | Salvia | बैसाख-जेठ | भदौ-असोज | रातो, प्याजी, सेतो |
| २७ | सयपत्री | Marigold | फागुन-साउन | बैसाख-मंसिर | सुनौलो, पहेंलो, सुन्तला |
| २८ | लाहुरे फूल | Dahalia | माघ-असार | जेठ-असोज | बहुरंगी |
| २९ | पार्वती फूल | Zinnia | फागुन-असार | जेठ-असोज | बहुरंगी |
| ३० | गुनकेशरी | Daffodil | असोज-कार्तिक | माघ-फागुन | बहुरंगी |
| ३१ | गुटाटा | Shrip plant | माघ-फागुन | चैत-असार | बहुरंगी |
| ३२ | सर्वदा | Canna | असार-साउन | चैत-वैशाख | |

## ३.१३ फलफूल र तिनीहरुमा पाईने खाद्यतत्व

| सि.नं. | फलफुल | फलफुलमा पाईने मुख्य मुख्य तत्वहरु |
|---|---|---|
| १ | हलूवावेद | भिटामिन ए, सी कार्वोहाइड्रेट ९० प्रतिशत |
| २ | स्याउ | सूगर, मेलिक एसिड, साइट्रीक एसिड, भिटामिनहरु र खनिज पदार्थ |
| ३ | खूर्पानी | प्रशस्त भिटामिन ए, विभिन्न भिटामिन र खनिज पदार्थ |
| ४ | एशियन नास्पाती | प्रशस्त कार्वोहाइड्रेट, क्याल्सियम, फस्फोरस, भिटामिन ए, बी |
| ५ | यूरोपियन नास्पाती | प्रशस्त सूगर, क्यारोटिन, पर्याप्त भिटामिन र खनिज पदार्थ |
| ६ | आरुबखडा | कार्वोहाइड्रेट १२ देखि २७ प्रतिशत, प्रशस्त भिटामिन ए, ग्लूकोज र फ्रूक्टोज ९९ प्रतिशत |
| ७ | अंगूर | टार्टेरिक एसिड, मेलिक एसिड |
| ८ | अमला | फलफुलहरुमा सवभन्दा बढी भिटामिन सि (५०० देखि ७५० मि.ग्रा./१०० ग्राम पल्प |
| ९ | मून्तला | सूगर, साइट्रीक एसिड, भिटामिन सी |
| १० | सून्तला | भिटामिन सी, सूगर |
| ११ | चूच्चे ओखर | ७१ प्रतिशत चिल्लो पदार्थ, १५ प्रतिशत कार्बोहाइड्रेट, ९ प्रतिशत प्रोटिन, पर्याप्त खनिज पदार्थ |
| १२ | अनार | कार्वोहाइड्रेट १४ देखि २७ प्रतिशत, प्रशस्त भिटामिन ए, ग्लूकोज र फ्रूक्टोज ९९ प्रतिशत |
| १३ | स्ट्रवेरी | केही चिल्लो पदार्थ र प्रोटिन, प्रशस्त भिटामिन र खनिज पदार्थ |

## ३.१४ फलफूल तथा अन्य बोट बिरुवाहरुको विक्री हुने समय

| क्र.सं. | विवरण | विक्री हूने महिना | कैफियत |
|---|---|---|---|
| १ | आरु, आरुवखडा, स्याउ, नास्पाती, हलूवावेद, पिकानट, लप्सी, कटूस | पौषको पहिलो हप्ता देखि फाल्गूणको पहिलो हप्तासम्म | पोलीव्यागमा रहेका बिरुवाहरु बाह्रै महिना |
| २ | मून्तला, सून्तला, जूनार, कागती | आषाढ देखि भाद्र सम्म | पोलीव्यागमा रहेका बिरुवाहरु बाह्रै महिना |
| ३ | फुल र आलंकारिक बिरुवाहरु (मौसमी तथा सदावहार, आउटडोर/इन्डोर) | बाह्रै महिना | |

## ३.१५ गोदावरी क्षेत्रको जलवायु विवरण सारांश

| Year | | Temperature | | | Precipitation | | Evaporation | |
|---|---|---|---|---|---|---|---|---|
| | | Mean | Absolute extreme | | | | | |
| | | | Max. | Min | Amount | Extreme | Amount | Extreme |
| | | | © | | (mm) | | (mm) | |
| 2001 | Average | 17.3 | | | | | | |
| | Extreme | | 30.9 | 1.4 | | 60.6 | | 7.9 |
| | Date | | 5-Jul | 10-Jan | | 5-Jul | | |
| | Total | | | | 2462 | | 651.9 | |
| 2002 | Average | 16.9 | | | | | | |
| | Extreme | | 29.9 | 2.1 | | 228.6 | | 9.8 |
| | Date | | 21-May | 25-Jan | | 23-Jul | | 3-Aug |
| | Total | | | | 2256 | | 805.6 | |
| 2003 | Average | 17 | | | | | | |
| | Extreme | | 30.5 | -0.9 | | 141.7 | | 8.4 |
| | Date | | 30-May | 29-Dec | | 31-Jul | | 19-May |
| | Total | | | | 1709 | | 764.9 | |
| 2004 | Average | 17 | | | | | | |
| | Extreme | | 32.6 | 0.6 | | 112.7 | | 8.4 |
| | Date | | 15-May | 25-Jan | | 9-Jul | | 15-May |
| | Total | | | | 1689 | | 769.6 | |
| 2005 | Average | 17 | | | | | | |
| | Extreme | | 32.5 | 1.8 | | 127.5 | | 9.5 |
| | Date | | 2-Jun | 19-Jan | | 7-Aug | | 22-Jun |
| | Total | | | | 1632 | | 700.6 | |
| 2006 | Average | 17.5 | | | | | | |
| | Extreme | | 30.9 | 2.9 | | 86.9 | | 10.5 |
| | Date | | 12-Jun | 25-Jan | | 21-Jun | | 22-Jun |
| | Total | | | | 1968 | | 235.7 | |
| 2007 | Average | 17 | | | | | | |
| | Extreme | | 30.7 | 0.4 | | 81.1 | | 2.1 |
| | Date | | 2-Jun | 15-Feb | | 15-Aug | | 22-Jun |
| | Total | | | | 1738 | | 372.6 | |
| 2008 | Average | 16.9 | | | | | | |
| | Extreme | | 29.6 | 0.3 | | 87.8 | | 7.3 |

| Year | | Temperature | | | Precipitation | | Evaporation | |
|---|---|---|---|---|---|---|---|---|
| | | Mean | Absolute extreme | | | | | |
| | | | Max. | Min | Amount | Extreme | Amount | Extreme |
| | | | © | | (mm) | | (mm) | |
| | Date | | 31-May | 1-Feb | | 12-Sep | | 21-Apr |
| | Total | | | | 1299 | | 532.2 | |
| 2009 | Average | 17.6 | | | | | | |
| | Extreme | | 31.7 | 3 | | 87.8 | | 7.7 |
| | Date | | 21-Jun | 30-Dec | | 8-Aug | | 27-Jul |
| | Total | | | | 1623 | | 523.2 | |
| 2010 | Average | 17.6 | | | | | | |
| | Extreme | | 31.9 | 2.5 | | 57.5 | | 6.5 |
| | Date | | 15-May | 1-Jan | | 7-Sep | | 25-Apr |
| | Total | | | | 2059 | | 316.1 | |
| 2011 | Average | 16.5 | | | | | | |
| | Extreme | | 29.9 | 1.3 | | 75.8 | | 7.9 |
| | Date | | 16-May | 19-Jan | | 3-May | | 14-Jun |
| | Total | | | | | | | |
| 2012 | Average | 16.5 | | | 1582 | | | |
| | Extreme | | 32.5 | 0.9 | | 83.3 | | 6.4 |
| | Date | | 14 Jun 12 | 13 Jun 12 | | 17 Sep 12 | | 21 Sep 12 |
| | Total | | | | | | | |
| 2013 | Average | 15.8 | | | | | | |
| | Extreme | | 31.8 | 1.5 | | 77.6 | | 6.9 |
| | Date | | 22 May | 17 Jan | | 11 Sep | | 3 Jun |
| | Total | | | | | | | |
| 2014 | Average | 17.3 | | | | | | |
| | Extreme | | 32.4 | 2.8 | | 81.2 | | 6.4 |
| | Date | | 18 May | 5 Jan | | 7 Sep | | 8 Jun |
| | Total | | | | 2462 | | 37.8 | |
| 2017 | Average | | | | | | | |
| | Extreme | | 27.68 | 2.22 | | 132.3 | | 9.7 |
| | Date | | 8 Jun | 15 Jan | | 22 Aug | | 13 Jun |
| | Total | | | | | | | |

## ३.१६ आ.व. २०७४/७५ मा सञ्चालित तालिमका सहभागीहरुको नामावली

**क) पुष्प उत्पादन तथा व्यवसाय प्रबर्द्धन (प्रा.स./ना.प्रा.स.) तालिम (०७४।०७।१९ देखि २४ सम्म)**

| सि.नं. | सहभागीको नाम | कार्यालयको नाम |
|---|---|---|
| १ | श्री बासु सिंह साउद | केन्द्रिय बागवानी केन्द्र, कीर्तिपुर |
| २ | श्री गोमा देबि खतिवडा | जिल्ला कृषि विकास कार्यालय, ल.पु. |
| ३ | श्री मनोज न्यौपाने | राष्ट्रिय वनस्पति उद्यान, गोदावरी, ललितपुर |
| ४ | श्री नविनअ धिकारी | जिल्ला कृषि विकास कार्यालय, तनहुँ |
| ५ | श्री तुल्सा श्रेष्ठ | उष्ण प्रदेशीय बागवानी केन्द्र, सर्लाही |
| ६ | श्री सोमन प्रसाद कुर्मी | जिल्ला कृषि विकास कार्यालय, सिन्धुपाल्चोक |
| ७ | श्री सविता काफ्ले | जिल्ला कृषि विकास कार्यालय, काभ्रे |
| ८ | श्री मोती आचार्य | जिल्ला कृषि विकास कार्यालय, बांके |
| ९ | श्री देवा महरा | जिल्ला कृषि विकास कार्यालय, दाङ्ग |
| १० | श्री जैसरा रेग्मी | वालिङ नगरपालिका, स्याङजा |
| ११ | श्री सुमला राई | जिल्ला कृषि विकास कार्यालय, मकबानपुर |
| १२ | श्री छबिलाल गुरुङ्ग | जिल्ला कृषि विकास कार्यालय, धादिङ्ग |
| १३ | श्री भुपेन्द्र कुमार योगी | जिल्ला कृषि विकास कार्यालय, म्याग्दी |
| १४ | श्री बल बहादुर जि.सी. | जिल्ला कृषि विकास कार्यालय, स्याङजा |
| १५ | श्री रघुनारायण श्रेष्ठ | जिल्ला कृषि विकास कार्यालय, सिन्धुली |
| १६ | श्री कालीकान्त झा | उष्ण प्रदेशीय बागवानी केन्द्र, जनकपुर |
| १७ | श्री ठाकुर प्रसाद न्यौपाने | उष्ण प्रदेशीय बागवानी केन्द्र, नुवाकोट |
| १८ | श्री शंकरदत्त अवस्थी | जिल्ला कृषि विकास कार्यालय, कैलाली |
| १९ | श्री मिनबहादुर थापा | जिल्ला कृषि विकास कार्यालय, उदयपुर |
| २० | श्री भुवन धमला | शितोष्ण फलफुल रुटस्टक विकास केन्द्र, दोलखा |
| २१ | श्री सन्ध्या बिष्ट | जिल्ला कृषि विकास कार्यालय, नुवाकोट |
| २२ | श्री गिरिजा पाण्डे | जिल्ला कृषि विकास कार्यालय, अर्घाखाँची |
| २३ | श्री गोपाल लम्साल | जिल्ला कृषि विकास कार्यालय, चितवन |
| २४ | श्री पुनम पौडेल | शितोष्ण बागवानी न.के., मकवानपुर |

**ख) पार्क तथा बगैंचा व्यवस्थापन (गार्डेनर) तालिम (२०७४।०५।२७ देखि २९ सम्म)**

| सि.नं. | सहभागीको नाम | कार्यालयको नाम |
|---|---|---|
| १ | श्री कविराज थापामगर | काठमाडौं महानगरपालिका |
| २ | श्री शुक्र बहादुर थापामगर | केन्द्रिय वागवानी केन्द्र, कीर्तिपुर |
| ३ | श्री गोपाल श्रेष्ठ | काठमाडौं महानगरपालिका |
| ४ | श्री सिताराम ...... | क्षेत्रीय कृषि निर्देशनालय, हरिहरभवन |
| ५ | श्री केशव प्रसाद लम्साल | काठमाडौं महानगरपालिका |
| ६ | श्री हरिशरण के.सी. | काठमाडौं महानगरपालिका, सभागृह |
| ७ | श्री राजु कोइराला | शहीद स्मारक, थानकोट |
| ८ | श्री बासुदेव बस्नेत | जिल्ला कृषि विकास कार्यालय, भक्तपुर |
| ९ | श्री पूर्ण महर्जन | ललितपुर महानगरपालिका |
| १० | श्री बद्रि नकर्मी | ललितपुर महानगरपालिका |
| ११ | श्री अच्युत खनाल | जिल्ला कृषि विकास कार्यालय, काठमाडौं |
| १२ | श्री गोविन्द बहादुर कुँवर | तरकारी विकास निर्देशनालय, खुमलटार |
| १३ | श्री सुरेन्द्र बहादुर तामाङ्ग | राष्ट्रिय आलु बाली विकास कार्यक्रम, खुमलटार |
| १४ | श्री सुधाम लामा | राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान, |
| १५ | श्री भगवती अधिकारी | पुष्प विकास केन्द्र, गोदावरी |
| १६ | श्री देविका भण्डारी | पुष्प विकास केन्द्र, गोदावरी |
| १७ | श्री सुशिला आचार्य | पुष्प विकास केन्द्र, गोदावरी |
| १८ | श्री सुरक्षा के.सी. | पुष्प विकास केन्द्र, गोदावरी |
| १९ | श्री आस्था पोखरले | पुष्प विकास केन्द्र, गोदावरी |
| २० | श्री सरस्वती अधिकारी | पुष्प विकास केन्द्र, गोदावरी |
| २१ | श्री विमला के.सी. | सेक्टर वन कार्यालय, गोदावरी |
| २२ | श्री कृष्ण कुमारी बस्याल | जिल्ला कृषि विकास कार्यालय, काठमाडौं |
| २३ | श्री सिर्जना आचार्य | पुष्प विकास केन्द्र, गोदावरी |

**ग) पुष्प उत्पादन तथा व्यवसाय प्रबर्द्धन (कृषक स्तर) तालिम (२०७४।०५।१४ देखि १९ सम्म)**

| सि.नं. | सहभागीहरुको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री निर्मला दाहाल | सिमरा उपमहानगरपालिका १, बारा |
| २ | श्री सुनिता भट्टराई | गोरखा न.पा. १, गोरखा |
| ३ | श्री डण्डपाणी गौतम | सुनवल न.पा. ३, नवलपरासी |
| ४ | श्री गणेश प्रसाद घिमिरे | कमलामाई न.पा. ५, सिन्धुली |
| ५ | श्री देवराज पौडेल | थाक्रे गाउपालिका ११, धादिङ्ग |
| ६ | श्री प्रकाश डुम्रे | वालिङ्ग न.पा. १४ स्याङ्गजा |
| ७ | श्री सीता खनाल | भीरकोट न.पा. ८, स्याङ्गजा |
| ८ | श्री पुनम भुजेल | हेटौंडा १६, मकवानपुर |
| ९ | श्री नैना विश्वकर्मा | हेटौंडा १६, मकवानपुर |
| १० | श्री राम प्रसाद लामिछाने | पंचकन्या १, नुवाकोट |
| ११ | श्री मेनिका केशरी आचार्य | काठमाण्डौ न.पा. ९ |
| १२ | श्रीसुनिल चौधरी | शिवराज न.पा. ६, कपिलवस्तु |
| १३ | श्री भक्तराज पन्त | पोखरा म.न.पा. १४, कास्की |
| १४ | श्री फिरोज श्रेष्ठ | बनस्थली १६, काठमाण्डौ |
| १५ | श्री हिमा जि.सी. | बालाजु १६, काठमाण्डौ |
| १६ | श्री प्रलाद खत्री | मन्थली न.पा. १२, रामेछाप |
| १७ | श्री कमान सिंह दर्लामी | सितगंगा न.पा.-३, अर्घाखाँची |
| १८ | श्री कमला श्रेष्ठ | सिद्धलेक गा.पा. ७, धादिङ्ग |
| १९ | श्री मिना नगरकोटी | सुर्यबिनायक न.पा. ७, भक्तपुर |
| २० | श्री साबित्री गुरुङ्ग | पर्वत न.पा. ७, पर्वत |
| २१ | श्री रामजी लौडारी | भानु न.पा.- १० तनहुँ |
| २२ | श्री नेत्र बहादुर गौतम | काभ्रे |
| २३ | श्री कृष्णबहादुर के.सी. | सु.न.पा. ५ लम्जुङ्ग |

**घ) पुष्प उत्पादन तथा व्यवसाय प्रबर्द्धन (कृषक स्तर) तालिम (२०७४।११।२८ देखि १२।०३ सम्म)**

| सि.नं. | सहभागीहरुको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री गोबर्द्धन सिलवाल | विशंखुनारायण २, ललितपुर |
| २ | श्री इन्दिरा कार्की | इन्द्रसरोवर गा.पा. ५, मकवानपुर |
| ३ | श्री मञ्जु अधिकारी थापा | महालक्ष्मी न.पा. ७, ललितपुर |
| ४ | श्री विद्यालक्ष्मी शाक्य | महालक्ष्मी न.पा. ७, ललितपुर |
| ५ | श्री गोविन्द प्रसाद पंगेनी | वालिङ न.पा. ९, स्याङजा |
| ६ | श्री खजेन्द्र विक्रम सुनुवार | महालक्ष्मी न.पा. ४, ललितपुर |
| ७ | श्री चन्द्र श्याम महर्जन | खोकना, ललितपुर |
| ८ | श्री कुमार बोगटी | पनौती न.पा. ६, काभ्रे |
| ९ | श्री निम बहादुर गुरुङ | निलकण्ठ न.पा. ११, धादिङ |
| १० | श्री केशर थापा | ति.न.पा. १०, धादिङ |
| ११ | श्री कृष्ण बहादुर के.सी. | सुन्दरबजार न.पा. ५, लमजुङ |
| १२ | श्री राज कुमार तामाङ | भरतपुर ७, चितवन |
| १३ | श्री दिल बहादुर लम्साल | सु.न.पा. ८, तनहुँ |
| १४ | श्री विराट के.सी. | धुनिवेशी न.पा. ११, धादिङ |
| १५ | श्री ढुण्डिराज न्यौपाने | सु.न.पा. ६, अर्घाखाँची |
| १६ | श्री चिरञ्जीवी गुरागाईं | भलायडाँडा २, उदयपुर |
| १७ | श्री सोम कुमार श्रेष्ठ | हेटौंडा ४, मकवानपुर |
| १८ | श्री दिर्घराज जोशी | धनगढी, कैलाली |
| १९ | श्री टिका वाग्ले | धनकुटा |
| २० | श्री छोकी शेर्पा | लेलेप ३, ताप्लेजुङ्ग |
| २१ | श्री लासाङ ब्लोन | सिन्धुली |
| २२ | श्री सुनिता कार्की | सिन्धुली |

**ङ) पुष्प उत्पादन तथा व्यवसाय प्रबर्द्धन (कृषक स्तर) तालिम (२०७५।०२।१६ देखि २१ सम्म)**

| सि.नं. | सहभागीहरुको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री भावना कार्की | गोदावरी न.पा. ३, ललितपुर |
| २ | श्री गायत्री वाग्ले | हेटौडा न.पा. ४, मकवानपुर |
| ३ | श्रीरुक्मिणी भट्ट | भरतपुर १९, चितवन |
| ४ | श्री ओङछु शेर्पा | रौतामाई गा.पा. १, उदयपुर |
| ५ | श्री ध्रुव कुमार बिष्ट | प्युठान न.पा. २, प्युठान |
| ६ | श्री दिनेश तिमल्सिना | गोदावरी न.पा. १, ललितपुर |
| ७ | श्री भुवन थापा | प्युठान न.पा. ८, प्युठान |
| ८ | श्री हिम बहादुर नेपाली | प्युठान न.पा. ३, प्युठान |
| ९ | श्री राधा अधिकारी | प्युठान न.पा. ४, प्युठान |
| १० | श्री सरीता खडका | प्युठान न.पा. १०, प्युठान |
| ११ | श्री सुशिला गिरी | प्युठान न.पा. १०, प्युठान |
| १२ | श्री दुर्गा कार्की | प्युठान न.पा. ४, प्युठान |
| १३ | श्री रेखा खत्री | प्युठान न.पा. २, प्युठान |
| १४ | श्री दुर्गा रावल | दशरथचन्द्र न.पा., बैतडी |
| १५ | श्री कुसुम अवस्थी | सिगास गा.पा. १, बैतडी |
| १६ | श्री जीवन बहादुर खत्री | रगुगङगा गा.पा. ३, म्यागदी |
| १७ | श्री पासाङ्ग शोर्पा | काठमाण्डौ महानगरपालिका |
| १८ | श्री श्रृजना बस्नेत | बैतेश्वर गा.पा. ५, दोलखा |
| १९ | श्री निम बहादुर रिजाल | सन्धिखर्क न.पा. ४, अर्घाखाँची |
| २० | श्री नमिता खनाल | काठमाण्डौ महानगरपालिका १५ |
| २१ | श्री रुक्मांगत न्यौपाने | पैयु १, पर्वत |
| २२ | श्री इन्दिरा शर्मा | काठेखोला गा.पा. ५, बाग्लुङ्ग |
| २३ | श्री दुर्गा सापकोटा | दक्षिणकाली न.पा. ६, काठमाण्डौ |
| २४ | श्री रोशनी महर्जन | गोदावरी न.पा. ३, ललितपुर |
| २५ | श्री राजरानी थारु | वैजनाथ गा.पा. ४, बाके |
| २६ | श्रीसंगिता पन्थी | मदाने गा.पा. ७, गुल्मी |
| २७ | श्री प्रभा थापा | धुर्कोट गा.पा. १, गुल्मी |

| सि.नं. | सहभागीहरुको नाम | ठेगाना |
|---|---|---|
| २८ | श्री भुपेन गुरुङ्ग | वालिङ्ग न.पा. ५, स्याङ्गजा |
| २९ | श्री रमेश पाखीन | इन्द्रसरोबर गा.पा. ७, मकवानपुर |
| ३० | श्री खड्का गुरुङ्ग | वालिङ्ग न.पा. ५, स्याङ्गजा |
| ३१ | श्री गिता के.सी | प्युठान न.पा. ७, प्युठान |
| ३२ | श्री प्रविन गुरुङ्ग | मधुवन न.पा. ७, बर्दिया |

## ३.१८ गोदावरी क्षेत्रमा रहेका सरकारी कार्यालयहरु र फोन नम्बर

१. मौरीपालन विकास शाखा, गोदावरी ५१७४०३८
२. राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला, गोदावरी ५१७४२७७
३. राष्ट्रिय वनस्पति उद्यान, गोदावरी ५१७४२७९
४. क्षेत्रीय वन तालिम केन्द्र, गोदावरी ५१७४१८९
५. वनस्पती विभाग, सदुपयोग तथा पाईलट शाखा, गोदावरी ५१७४२५०
६. मृग अनुसन्धान केन्द्र, गोदावरी
७. ईलाका वन कार्यालय, गोदावरी
८. मत्स्य अनुसन्धान प्रयोगशाला, गोदावरी (ने.कृ.अ.प.)
९. गोदावरी इलाका हुलाक कार्यालय
१०. उप-स्वास्थ्य चौकी, गोदावरी
११. जल उत्पन्न प्रकोप नियन्त्रण विभाग अन्तर्गतको प्रयोगशाला
१२. गोदावरी नगरपालिकाको कार्यालय

# खण्ड ४
# पुष्प नीति तथा प्राविधिक सामग्रीहरू

# ४.१ पुष्प प्रवर्द्धन नीति, २०६९

(नेपाल सरकारबाट स्वीकृत मिति : २०६९/८/२९)

## १. पृष्ठभूमी

भौगोलिक परिवेश, जलवायु, उपलब्ध स्रोत साधन र संभावनाको आधारमा दिगो र व्यवस्थित पुष्प तथा पुष्पजन्य वस्तुको उत्पादन तथा व्यवसायिकरणको लागि पुष्प प्रवर्द्धन नीति अति आवश्यक महशुस गरिएको छ। यस नीतिको कार्यान्वयनबाट निजी क्षेत्रको सहभागिता अभिबृद्धि भई रोजगारीको अवसर सृजना हुने र आय आर्जनको साथै बैदेशिक मुद्रा समेत आर्जन हुने हुन्छ। पुष्प तथा पुष्पजन्य वस्तुको विकास तथा प्रवर्द्धन गर्न सकेमा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्नुको साथै गरीवी न्यूनीकरणमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ।

## २. वर्तमान स्थिति

हाल नेपालका ३५ जिल्लामा लगभग ६०० भन्दा बढी कृषक घर परिवार व्याबसायिक पुष्प खेतीमा संलग्न रहि ४०,००० भन्दा बढी व्यक्ति प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा यस ब्यवसायमा निर्भर रहेका छन्। सय भन्दा बढी कट फ्लावर थोक तथा खुद्रा बिक्रेताबाट वार्षिक झण्डै ९१ करोडको हाराहारीमा व्यावसायिक कारोबार भई रहेको छ। नेपालबाट यूरोप तथा भारत, जापान, मध्य पूर्व लगायत एसियाका अन्य देशहरुमा पुष्प तथा पुष्पजन्य वस्तुको निकासी वार्षिक रु. १९ करोड भन्दा बढी हुने गरेको र यस व्यवसायमा संलग्न दक्ष तथा अर्धदक्ष कामदारहरुले वैदेशिक रोगजारी पाउने क्रम पनि बृद्धि हुदै गएको छ। यस परिप्रेक्ष्यमा यस क्षेत्रलाई प्राथमिकता दिई अन्य जिल्लाहरुमा पनि विस्तार गर्दै पुष्प एवं पुष्पजन्य ब्यवसायको कारोवार बढाउन सकेमा राष्ट्रले अझ वढी आर्थिक फाईदा लिन सक्ने देखिन्छ।

## ३. समस्या र चुनौती

वीउ बिजन, मलखाद, बिषादी जस्ता पुष्प खेतीका लागि अति आवश्यक मानिने वस्तुहरु आज सम्म पनि अन्य मुलुकमा निर्भर हुनु परेको छ। दक्ष प्राविधिक जनशक्तीको कमिले गर्दा रोग तथा कीराको सही पहिचान हुन नसकि सम्पूर्ण बाली नष्ट हुने अवस्था रहेको छ। भारत तथा चीनबाट भित्रिने फूल तथा तिनका बोट बिरुवाको निरोगीताको जाँच गर्ने प्रभावकारी संयन्त्रको अभावमा पुष्प खेतीमा बर्षेनी नयाँ नयाँ रोग तथा कीरा भित्रिने हुँदा यसमा गरेको लगानी समेत जोखिममा परि पुष्प उद्योग धरासायी बन्न सक्ने अवस्था सृजना हुन सक्ने देखिन्छ। पुष्प खेतीलाई उच्च मूल्यको बालीको रुपमा लिईएतापनि यसको अध्ययन, अनुसन्धान र पूर्वाधार विकास कार्यक्रम प्राथमिकतामा नपरेकाले अपेक्षित लगानी हुन सकेको छैन। वित्तीय संस्थाहरुको न्यून लगानी, उत्पादित कटफ्लावरको उत्पादन स्थल देखि स्थानीय बजार र अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने उचित वातानुकुलित ढुवानी साधनको अभाव साथै झन्झटिलो एवं लामो भन्सार प्रक्रिया यस व्यवसायका चुनौतिहरु हुन।

## ४. नीतिको आवश्यकता

पुष्प व्यवसायको प्रवर्द्धनको लागि उत्पादन देखि बिक्री बितरण तथा उपभोक्तासम्म उचित समय एवं अवस्थामा पुगुन्जेलको मूल्य अभिवृद्धि श्रृङ्खला (Value chain) प्रकृयालाई ब्यवस्थित तथा नियन्त्रण गरी दिशा निर्देश गर्न राज्यको स्पष्ट दृष्टिकोण हुनु पर्ने हुन्छ । यस सन्दर्भमा "पुष्प प्रवर्द्धन नीति" को आवश्यकता महशुस गरिएको छ । नेपालमा पाईने वभिन्न प्रजातिका र आर्थिक महत्वका अन्य, पुष्प उत्पादन र ब्यवसायबाट रोजगारीका अवसर सृजना हुनुको साथै नेपालकै मौलिक तथा रैथाने फूल, बोट बिरुवाको पहिचान गरी संरक्षण तथा सम्बर्द्धन गर्न सकेमा त्यसको निर्यातको ठूलो संभावना पनि रहेको छ । दीर्घकालिन कृषि योजना तथा राष्ट्रिय कृषि नीति, २०६१ र वाणिज्य नीति, २०६५ ले प्रमुख निर्यात योग्य वस्तु र वढी मोल जाने बालीको रुपमा यसलाई प्राथमिकता दिइएतापनि यसको प्रवर्द्धनमा पर्याप्त जोड नदिईएको हुँदा लगानी कर्तालाई आकर्षित गर्न सकिरहेको छैन । चालु त्रिबर्षीय योजना (२०६७/२०६८-२०६९/२०७०) ले यसलाई उच्च मूल्यको वस्तुको प्राथमिकतामा राखी अर्किडलाई एक गाँउ एक उत्पादन कार्यक्रम अन्तरगत निरन्तरता दिनुको साथै आलंकारिक फूलको गुणस्तरीय उत्पादनको लागि मूल्य अभिवृद्धि श्रृङ्खला सुधारमा जोड दिईएको छ । पुष्पबाली अति नै जोखिमपूर्ण, चाडै बिग्रिएर जाने र यसको प्रयोग बिशेष अवस्थामा हुने भएकोले उचित अवस्था तथा समयमा उपभोक्ता सम्म पुऱ्याउनु पर्ने हुन्छ । उत्पादित कटफ्लावरको उत्पादन स्थल देखि स्थानीय र अन्तराष्ट्रिय बजारसम्म पुऱ्याउनका लागि उचित वातानुकुलित ढुवानी साधन, कम झन्झटिलो एवं छाटो भन्सार प्रक्रिया हुन आवश्यक हुन्छ । साथै अध्ययन अनुसन्धानमा प्राथमिकता दिई उपयुक्त प्रविधि विकास गर्न यस क्षेत्रमा लगानी बढाउन अति आवश्यक हुन्छ । यस सन्दर्भमा यस ब्यवसायलाई ब्यवस्थित गरी आन्तरिक बजारको साथै निर्यातलाई प्रवर्द्धन गर्न पुष्प प्रवर्द्धन नीति अति आवश्यक देखिन्छ ।

## ५. लक्ष्य

पुष्प र पुष्पजन्य वस्तुको उत्पादन बृद्धि गरी पुष्प व्यवसाय बिस्तार गर्न, रोजगारीको अवसर सृजना गर्न, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नका साथै गरीवी निवारणमा टेवा पुऱ्याउन र पुष्प जैविक बिविधता संरक्षण गर्न भरपर्दो उपक्षेत्रको रुपमा पुष्प क्षेत्रको विकास गर्ने ।

## ६. उद्देश्य

६.१ पुष्प तथा पुष्पजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

६.२ पुष्प खेती तथा व्यवसायमा निजीक्षेत्रको संलग्नता बढाउदै उत्पादनलाई प्रतिस्पर्धी बनाई आन्तरिक वजार व्यवस्थापन तथा निर्यात प्रबर्द्धन गर्ने ।

६.३ स्थानीय अनुवांशिक पुष्प स्रोतको संरक्षण र सम्बर्द्धन गर्ने ।

## ७. नीति तथा कार्यर्ननीति

**उद्देश्य : १. पुष्प तथा पुष्पजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।**

७.१.१ नेपालका विभिन्न भागमा पुष्प खेती विस्तार गर्न पुष्प नर्सरी स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

७.१.२ व्यवसायिक पुष्प खेतीको सम्भावना भएका क्षेत्रमा पुष्प फार्महरु स्थापनामा जोड दिइने छ । शिक्षित बेरोजगार तथा सेवा निबृत्त व्यक्ति वा समूहलाई पुष्प तथा पुष्पजन्य व्यवसाय स्थापना तथा सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

७.१.३ पुष्प व्यवसायको विकास तथा विस्तार गर्न यससंग सम्बन्धित सरकारी, गैरसरकारी तथा प्राज्ञिक संस्थाहरुसंगको समन्वय तथा सहकार्यमा अध्ययन तथा अनुसन्धान कार्य गरिने छ । पुष्प क्षेत्रको प्रविधि विकास र प्रविधि प्रसारमा संलग्न सरकारी निकायहरुमा दक्ष जनशक्ति र भौतिक पूर्वाधारको व्यवस्था गरी सशक्तिकरण गरिनेछ ।

७.१.४ पुष्प उत्पादन र उत्पादन उप्रान्तका प्रविधिको सूची तयार गरी संभाव्यताका आधारमा जिल्ला कृषि विकास कार्यालय, निजी क्षेत्र तथा दुबैको सहकार्यमा प्रविधिको बिस्तार गरिनेछ ।

७.१.५ सम्भाव्यताको आधारमा कुनै जिल्लामा कुनै निश्चित प्रजातिका व्यवसायिक पुष्प खेती हुन सक्ने पाइएमा त्यस जिल्लालाई त्यस प्रजातिको पुष्प क्षेत्र घोषणा गरी ती ठाउँमा पूर्वाधार विकासका एकिकृत प्याकेज व्यवस्था गर्न प्राथमिकता दिइनेछ ।

७.१.६ व्यवसायिक रुपमा पुष्प खेती भएका पकेटहरुमा पुष्प तथा पुष्पजन्य व्यवसाय प्रवर्द्धनको लागि सिंचाई, कृषि सडक, संकलन केन्द्र, शीत भण्डार (कोल्ड स्टोरेज, कुलिङ च्याम्वर भएको ढुवानी साधन), ग्रामीण विद्युतीकरण, उपयुक्त कृषि प्रविधिको विकास, प्रयोगशाला परीक्षण सेवा जस्ता व्यवसाय प्रवर्द्धनका पुर्वाधारहरु सरकारी, निजी, सहकारी तथा गैर सरकारी क्षेत्र समेतको सहकार्यमा विस्तार गरिने छ ।

७.१.७ पुष्प व्यवसायको लागि चाहिने रासायनिक मल, प्राङगारिक मल, किटनासक, झारनासक, रोगनासक विषादी तथा कृषि सामाग्री आदि पुष्प उद्योग तथा पुष्प नर्सरीले सम्बन्धित निकायको सिफारिशमा अन्य मुलकबाट आयात गर्न पाउने व्यवस्था मिलाईनेछ ।

७.१.८ पुष्प नर्सरी तथा पुष्प फर्महरुले आवश्यक फूलका माउ वोट बिरुवा (Mother Plant), कलमी बिरुवाहरु, फूलको गानो तथा जराहरु, फूलको वीउ बिजन, सिँचाई र बाली संरक्षणका उपकरणहरु, ग्लास हाउस निर्माणका सामाग्रीहरु, कुलिङ च्याम्वर भएको ढुवानी साधन (Refrigerated truck) आयातमा लाग्ने कर महसुल रकम आर्थिक ऐनमा व्यवस्था गरी सहुलियत प्रदान गर्न सकिनेछ ।

७.१.९ पुष्प खेती र पुष्प व्यवसायलाई बिद्यालय, विश्वविद्यालय/कलेजहरूका पाठ्यक्रममा समाबेस गर्ने पहल गरिने छ । कृषि अनुसन्धान केन्द्र तथा कृषि तालिम केन्द्रहरूमा

पुष्प खेती सम्बन्धी प्राविधिक तालिम गराउने व्यवस्था गरी पुष्प तथा पुष्पजन्य व्यवसायको क्षेत्रमा जनशक्तिको विकास गरिनेछ ।

७.१.१० शहरी क्षेत्रमा र सडक किनारामा पुष्प र पुष्पजन्य बनस्पतिहरु लगाई सडक र शहरको सौन्दर्य बृद्धि गर्ने तथा वातावरण स्वच्छ राख्ने कार्यलाई सरकारी, निजी, सहकारी तथा गैर सरकारी क्षेत्र समेतको सहकार्यमा विस्तार गरिने छ ।

७.१.११ पुष्प र पुष्पजन्य वस्तुहरु प्रशोधन गरी वानस्पतिक औषधीहरु, अत्तर र अन्य सौन्दर्य प्रशाधनका सामाग्रीहरु उत्पादन गर्ने उद्योगहरु स्थापनामा प्रोत्साहन गरिने छ ।

७.१.१२ पुष्प खेती तथा ब्यवसायलाई प्रबर्द्धन गर्न यसलाई बित्तीय संस्थाहरुबाट प्रदान गरिने प्राथमिकता प्राप्त कर्जाको क्षेत्र भित्र पारी आवश्यक ऋण उपलब्ध गराईनेछ ।

७.१.१३ पुष्प व्यवसायको परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्था तथा पुष्प व्यवसाय प्रवर्द्धनका लागि कृषक समूहको जमानतमा ऋण प्रवाह गरिने छ ।

**उद्देश्य २ : पुष्प खेती तथा व्यवसायमा निजीक्षत्रको संलग्नता बढाउदै उत्पादनलाई प्रतिस्पर्धी बनाई आन्तरिक वजार व्यवस्थापन तथा निर्यात प्रब्रर्द्धन गर्ने ।**

७.२.१ पुष्प तथा पुष्पजन्य व्यवसाय / उद्योगलाई राष्ट्रियस्तरमा प्राथमिकता प्राप्त उद्योगको रुपमा मान्यता दिई सोहि अनुरुपका सुविधा प्रदान गरिनेछ ।

७.२.२ पुष्पजन्य वस्तु निर्यातमा आवश्यक पर्ने प्याकेजिङ सामग्री लगायत अन्य उपकरणहरु आयात गर्दा कृषि उपकरणहरु सरहको भन्सार महसुल लगाउने नीति अवलम्बन गरिने छ ।

७.२.३ पुष्प उत्पादन तथा पुष्पजन्य व्यवसाय/उद्योगलाई बिमा गराउन प्रोत्साहन गरिनेछ ।

७.२.४ पुष्प खेतीको विकास तथा प्रवर्द्धनको लागि उत्पादन एवं उत्पादन पश्चात उपभोक्तासम्म पुग्ने मूल्य अभिवृद्धि श्रृङखलाको प्रकृयामा आवश्यक अध्ययन अनुसन्धानमा प्राथमिकताका दिईनेछ ।

७.२.५ पुष्प तथा पुष्पजन्य व्यवसाय/उद्योगसंग संलग्न व्यवसायीहरुले पुष्प तथा पुष्पजन्य वस्तुको सहज निर्यात/आयात लगायत बिक्री बितरण गर्न पाउने व्यवस्था मिलाईनेछ ।

७.२.६ पुष्पजन्य वस्तुलाई अन्तरराष्ट्रिय बजार प्रणालीमा प्रवेश गराउनको लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ ।

७.२.७ पुष्पजन्य उत्पादनको गुणस्तर कायम राख्न संकलन, प्रशोधन, संचय तथा ढुवानी प्रविधिका साथै वजार मूल्य जस्ता व्यावसायिक सेवा प्रदान गर्ने कार्यमा सरकारी तथा गैर सरकारी क्षेत्रको सहभागितामा व्यावसायिक सेवा केन्द्रको स्थापना तथा विकास गरिने छ ।

७.२.८ अन्तर्राष्ट्रिय बजारमा निर्यात प्रवर्द्धनको लागि विभिन्न उत्पादन स्थल / संकलन केन्द्र/थोक बजारमा नै भन्सार प्रकृया पुरा गरी सोझै वातानुकुलित ढुवानी साधनको

माध्यमबाट पुष्प तथा पुष्पजन्य वस्तुलाई बस/ट्रेन/अन्तर्राष्ट्रिय विमानस्थलको जेट विमान सम्म पुर्‍याउने व्यवस्था मिलाईनेछ। साथै पुष्प र पुष्पजन्य वस्तुहरुको आयात गर्दा यसको संवेदनशिलतालाई ध्यान दिदै सरलीकृत भन्सार प्रकृयाको व्यवस्था गरिने छ।

७.२.९ पुष्प बीउ विजन तथा उत्पादित उत्पादनको खरिद विक्रीलाई व्यवस्थित गर्न देशका प्रमुख स्थानहरुमा अत्याधुनिक प्रविधियुक्त बजार विकास तथा बिस्तार गरिनेछ।

७.२.१० नेपालका विभिन्न भागमा पुष्प ब्यवसाय विस्तार गर्न कट् फ्लावर (ताजा फूल) पसल खोली व्यवसाय गर्न प्रोत्साहित गरिनेछ।

७.२.११ सम्भाव्य अन्तराष्ट्रिय बजारलाई लक्षित गरी अन्तराष्ट्रिय बजारमा लोकप्रिय रहेका र नेपालका प्रतिष्पर्धात्मक क्षमता उच्च रहेका पुष्प जन्य उत्पादनलाई प्रवर्द्धन र निकासी गर्न विशेष जोड दिईने छ।

७.२.१२ युवा, महिला, जनजाती तथा पिछडीएका बर्गहरुलाई पुष्प व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

७.२.१३ नेपालमा पुष्प व्यवसायको संभाब्यता र महत्वलाई प्रचार र प्रवर्द्धन गरी विदेशी लगानी आकर्षित गर्न अनुकुल वातावरण श्रृजना गरिनेछ।

७.२.१४ पुष्प व्यवसायको विकास, विस्तार तथा प्रवर्द्धनको लागि आवश्यक पर्ने अन्य सेवा / सुबिधा तथा कर छुट नेपाल सरकारका अन्य स्वीकृत नीति अनुरुप उपलब्ध गराईनेछ।

**उद्देश्य ३ : स्थानीय पुष्प अनुवांशिक स्रोतको संरक्षण र सम्बर्द्धन गर्ने।**

७.३.१ नेपालका स्थानीय, रैथाने, फूल फुल्ने तथा नफुल्ने आलङ्कारिक बोटबिरुवा पहिचान गरी तिनको वैज्ञानिक विवरण तयार गरि सुचिकृत गरिने छ र नियमित रुपमा लगत / अभिलेख अध्यावधिक गरिनेछ। साथै नेपालमा भएको मौलिक तथा रैथाने आलङ्कारिकबोट बिरुवाको पेटेन्ट अधिकार सुरक्षित गरिनेछ।

७.३.२ नेपालको राष्ट्यि फूल लाली गुँरास लगायत अन्य मौलिक तथा रैथाने फुल फूल्ने वा नफुल्ने आलङ्कारिक बोट बिरुवाहरु मध्ये व्यवसायिकरण गर्न सकिनेलाई व्यवसायिकरण गरिने र प्रचलित कानून अनुसार प्रतिबन्ध लगाईएका बोट बिरुवाहरुलाई प्रतिबन्धित सूचिमा सूचिकृत गरिने छ।

७.३.३ जैविक विविधता संरक्षणमा सहयोग पुर्‍याउन पुष्पजन्य वस्तुको स्थानीय संरक्षण (In situ conservation) गर्दै सहभागितात्मक जैविक विविधता संरक्षण क्षेत्र (Participatory biodiversity conservation area) विकास गरिने छ। साथै Ex-situ conservation का लागि राष्ट्रिय आनुबांशिक श्रोत केन्द्र (Gene Bank) मा संरक्षण गरिनेछ।

७.३.४ जैविक विविधतामा आधारित पुष्प बजार तथा पुष्प उद्योग/व्यवसायको विकास गर्न प्रोत्साहित गरिनेछ ।

७.३.५ पर्यावरण र पर्यावरणीय सेवा प्रदान गर्ने परागसेचक (Pollinators) र अन्य मीत्र जीवहरुको संरक्षण र दिगो परिचालनका लागि वातावरण मैत्री प्राङ्गारिक मल र जैविक तथा प्राङ्गारिक बिषादी प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

७.३.६ पुष्पजन्य जैविक विविधताको संरक्षण, संवर्द्धन तथा दीगो उपयोगको लागि अध्ययन, अनुसन्धान एवं प्रसारको कार्यलाई प्रोत्साहित गरिनेछ ।

## ८. संस्थागत व्यवस्था

पुष्प प्रवर्द्धन नीतिलाई कार्यान्वयनको लागि निम्नानुसारको १२ सदस्यीय "पुष्प व्यवसाय विकास समन्वय समिति" गठन गरिनेछ ।

| | |
|---|---|
| सचिव, कृषि विकास मन्त्रालय | संयोजक |
| सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सह-सचिव, वन तथा भूसंरक्षण मन्त्रालय | सदस्य |
| सह-सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| सह-सचिव, उद्योग मन्त्रालय | सदस्य |
| महानिर्देशक, कृषि बिभाग | सदस्य |
| उप-सचिव, ऐन नियम परामर्श शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| फ्लोरिकल्चर एशोसिएसन नेपालको अध्यक्ष/निजको प्रतिनिधि | सदस्य |
| कृषि उद्यम केन्द्रका, कार्यकारी निर्देशक | सदस्य |
| पुष्प उत्पादक कृषक वा ब्यवसायीका प्रतिनिधि | सदस्य |
| सह-सचिव, कृषि ब्यवसाय प्रबर्द्धन तथा तथ्याङ्क महाशाखा, कृषि विकास मन्त्रालय | सदस्य-सचिव |

## ९. आर्थिक पक्ष

पुष्प ब्यवसाय विकास समन्वय समितिले पुष्प व्यवसायको विकास तथा प्रवर्द्धन गर्न आर्थिक स्रोत जुटाउन देहायका कार्य गर्न सक्नेछ,

(क) सम्बन्धित निकायको स्वीकृति लिई राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था एवं अन्य स्रोतबाट पुष्प विकास तथा अनुसन्धानको लागि रकम प्राप्त गर्ने ।

(ख) विभिन्न पुष्प खेती वा बजार व्यवस्थापन सम्बन्धी सिफारिश वा परामर्श सेवा प्रदानगरे वापत सेवा शुल्क लिन सक्नेछ ।

(ग) नेपाल सरकार तथा अन्य निकायबाट अनुदान/सहयोग प्राप्त गर्ने ।

**१०. कानूनी व्यवस्था**

यस नीतिमा उल्लेखित प्राबधानहरुलाई कार्यान्वयन गर्न प्रचलित कानूनमा परिमार्जन गर्नु पर्ने भएमा आवश्यकता अनुसार परिमार्जन गरिने र थप कानुनी व्यवस्था गर्नु पर्ने भएमा सोको समेत व्यवस्था गरिने छ। पुष्प ब्यवसाय विकास समन्वय समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्ने छ।

**११. अनुगमन र मूल्यांकन**

स्थानीय तहदेखि केन्द्रिय तहसम्मको पुष्प क्षेत्रको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा सम्बन्धित सरकारी, सहकारी, निजी र अन्य सरोकारवालाहरूको संलग्नतालाई सुनिश्चित गरी सहभागितात्मक एवं समन्वयात्मक पद्धतिलाई बढावा दिइनेछ। प्रस्तावित नीतिबाट प्राप्त प्रतिफलको अनुगमन तथा मूल्याङ्कन कृषि विकास मन्त्रालयले गर्नेछ।

**१२. जोखिम**

पुष्प खेती तथा पुष्पजन्य व्यवसायबाट आर्थिक कृयाकलाप, गरीबी न्यूनीकरण, खाद्य सुरक्षा र जैविक विविधता संरक्षण र वातावरणमा सामान्यतया सकारात्मक प्रभाव पर्ने भएता पनि नीति कार्यन्वयन गर्दा खास गरी पुष्प उत्पादनमा प्रयोग हुने विभिन्न रासायनिक पदार्थको कारणबाट वातावरण र मानव स्वास्थ्यमा आउने जोखिमलाई सम्बोधन गर्ने उपायहरुको अवलम्बन पुष्प विकास समन्वय समितिले गर्नेछ।

**पुष्प प्रबर्द्धन नीति २०६९ अनुसार आ.व. २०७१/०७२ देखि २०७५/०७६ सम्म पुष्प उत्पादन तथा प्रबर्द्धन क्षेत्रमा कृषि विकास मन्त्रालय र नीजि क्षेत्रबाट लगानी गरिने बजेट रकम विवरण :**

| आ.व. | श्रोत | | कुल वार्षिक बजेट |
|---|---|---|---|
| | नेपाल सरकार | कृषक र नीजि क्षेत्रको सहभागिता (फ्यान सहित) | |
| आ.व. २०७१/०७२ | ४,४०,३२,५०० | १,५४,११,३३८ | ५,९४,४३,८३८ |
| आ.व. २०७२/०७३ | ५,१३,७१,२५० | १,७९,७९,८९४ | ६,९३,५१,१४४ |
| आ.व. २०७३/०७४ | ५,८७,१०,००० | २,०५,४८,४५० | ७,९२,५८,४५० |
| आ.व. २०७४/०७५ | ६,६०,४८,७५० | २,३१,१७,००६ | ८,९१,६५,७५६ |
| आ.व. २०७५/०७६ | ७,३३,८७,५०० | २,५६,८५,५६३ | ९,९०,७३,०६३ |
| कुल जम्मा | २९,३५,५०,००० | १०,२७,४२,२५१ | ३९,६२,९२,२५१ |
| प्रतिशत | ७३.६१ | २३.६९ | १०० |

# ४.२ मखमली फूल खेती प्रविधि

**परिचय :**



मखमली फूललाई अंग्रेजीमा Globe amaranth भनिन्छ। यसलाई बोलीचालीको भाषामा सुपारी फूल पनि भन्ने गरिन्छ। मखमलीफूल खेती धेरै पहिला देखि गर्दै आइरहेको भएतापनि आजभोली यसको खेती व्यावसायिक रुपमा नै हुन थालेको छ। हिन्दुहरुको विशेष पर्व तिहारमा मखमली फूलको आवश्यकता पर्ने भएकोले मखमली फूलको बजार सुनिश्चित छ। यो फूल कहिल्यै नओइलाउने भएकाले तिहारमा दिदि वहिनीहरुले आफ्ना दाजुभाईहरुलाई यसको माला लगाई दिई दीर्घायुको आशिर्बाद दिने चलन रहेको छ। यसरी यसको धार्मिक महत्व पनि रहेकोले यसको माग अझ बढ्दै गईरहेको छ।

**हावापानी र माटो :**

मलमली फूलको खेती काठमाडौं उपत्यकाका साथै अन्य स्थानहरुमा पनि सफलतापूर्वक गर्न सकिन्छ। यसको खेतीको लागि मध्य पहाडको १००० मीटर देखि १५०० मीटर सम्मको बलौटे दोमट माटो भएको र बर्षातको पानी नजम्ने खालको जग्गा उपयुक्त मानिन्छ। यसको जरा धेरै मसिना र बोट कमजोर हुने भएकोले बोट हुर्कन बढ्न बलौटे दोमट माटो नै उपयुक्त हुन्छ।

**जात :**



नेपालमा प्रचलित जातहरुमा निम्न दुई मुख्य मानिन्छ।

१) फिक्का बैजनी

२) सेतो

**बीउ राख्ने तरिका :**

मलमलीको बीउ राख्नु भन्दा केही समय अगाडी माटो, बालुवा र कम्पोष्टमल २:१:१ का दरले मिलाई केहि समय व्याडमा हल्का सिंचाई गरी प्लाष्टिकले छोपेर राख्ने र माटोलाई कुटोले हल्का चलाई लाईनमा बीउ खसाल्ने र बीउ खसालेपछि मधुमासले छोपीदिनु पर्छ। यसो गर्दा बीउलाई उम्रनका लागि सजिलो हुन्छ र बीउछोपी सकेपछि जुटको बोराले छोपी हजारीको सहायताले हल्का सिंचाई गर्नु पर्दछ। बिरुवा उम्रि सकेपछि १ ग्राम प्रतिलिटर पानीमा ढुसिनाशक बिषादीले बेर्नालाई ड्रेचिङ्ग गर्नु पर्दछ।

**जमीनको तयारी र बेर्ना रोप्ने तरिका :**

जेठ महिनामा राखिएको बेर्ना १ महिना अर्थात असार महिनामा रोप्न उपयुक्त हुन्छ। जसकोलागि जमीनको माटो अनुसार कम्तीमा २ पटक राम्रोसंग खनजोत गरी जमीनको अन्तिम तयारीमा नै पाकेको कम्पोष्टमल प्रति रोपनी ३०-३५ डोको राखी जोत्नु पर्दछ। साथै पिना, बोनमिल जमीनको तयारीमा नै प्रयोग गर्न सकिन्छ। यसपछि जमीनलाई १५-२० से.मी. माथी उठाई बिचमा ३० से.मी. हिंड्न मिल्ने बाटो राखि एक मीटर चौडाईको Plot मा बोट देखि बोट ३० से.मी. र लाईन देखि लाईन ४५ से.मी. (खुला जग्गामा) राखि बेर्ना रोप्नुपर्दछ। यसो गर्दा प्रति रोपनी १३०० बेर्ना रोप्न सकिन्छ।

**सिंचाई तथा पानीको निकास**

बेर्ना रोप्ने बित्तिकै पानी दिनु पर्दछ। जमीनको अवस्था तथा आवश्यकता हेरी बिहान र बेलुका पानी नजम्ने गरी सिंचाई गर्नु पर्दछ। पानी जम्ने अवस्था भएमा कुलेसो काटी निकासको व्यवस्थापन गर्नु पर्दछ। अन्यथा जरा कुहेर बिरुवा मर्ने सम्भावना हुन्छ।

**गोडमेल**

माटो खुकुलो भएमा बिरुवाको विकास राम्रो हुने भएकोले झारपात निकाली १०–१५ दिनको फरकमा गोडमेल गरि राख्नु पर्दछ।

**फूल टिप्ने /उत्पादन**

मखमली फूल पटक पटक गरी टिप्न सकिने भएकोले बेर्ना सारेको ९० दिनबाट फूल टिप्न शुरु गरी लगातार ३ महिना सम्म टिप्न सकिन्छ। बोटको साइज अनुसार उत्पादन फरक फरक हुन जान्छ।

१) **ठूलो साइजको बोट**

बोटको लम्बाई - ७५ से.मी.
हाँगा संख्या - २५
फूल संख्या - ३५०

२) **मिडियम साइजको बोट**

बोटको लम्बाई - ६० से.मी.
हाँगा संख्या - २०
फूल संख्या - २००

**३) सानो साइजको बोट**

बोटको लम्बाई - ५० से.मी.

हाँगा संख्या - १५

फूल संख्या - १००

एक वटा माला तयार गर्न ७० देखि ७५ वटा थुँगा आवश्यक पर्दछ। मखमली फूल तिहारमा मात्र बढी प्रगोग हुने हुँदा उक्त समयमा माला तयार गरी बिक्री गर्न सकेमा बढी फाइदा लिन सकिन्छ। एउटा माला २० देखि ३० रुपैया सम्म बिक्री हुने गरेको छ। खुल्लामा पनि यसको खेती गरी राम्रो उत्पादन लिन सकिने र लागत कम लाग्ने भएकोले निम्नआयस्तरका किसानहरुले पनि खेती गरी राम्रो आम्दानी लिन सक्छन्।

**रोग :**

मखमली फूलको लागि बढी पानी भएमा जरा कुहिने, ओईलाउने र मर्ने भएकोले राम्रो निकासको प्रवन्ध मिलाउनु पर्छ। बोटको पातमा थोप्ले रोगले आक्रमण गर्ने भएकोले बेभिस्टिन/क्रिनोक्सिल गोल्ड २ ग्राम प्रति लिटर पानीमा मिलाई १५-१५ दिनको फरकमा स्प्रे गर्नु पर्छ। यसो गर्दा रोग नियन्त्रण हुन्छ।

**किरा :**

मखमली फूलमा लाग्ने किरा मध्ये फेद काट्ने किराको प्रकोप बढि देखिन्छ, जसका लागि फूल फुल्नु अगाडि नै १५ दिनको फरकमा २ पटक किटनाशक विषादी नुभान, मल्टीनिम र क्लोपाइरिफोस मध्ये कुनै एक २ मिली प्रति लिटर पानीमा मिलाई स्प्रे गर्नुपर्दछ।

**मलमली फूलको उत्पादन लागत** (१ **रोपनी**)

**उत्पादन खर्च :**

| सि.नं. | विवरण | आवश्यक परिमाण | दर | रकम |
|---|---|---|---|---|
| १ | बीउबाट बेर्ना तयारी गर्न | | | २५००/- |
| २ | कम्पोष्ट मल | ५० डोका | ५०/- | २५००/- |
| ३ | रसायनिक मल, शुक्ष्मतत्व, बिषादी | | | १२००/- |
| ४ | श्रम | | | |
| | जमीन तयारी | | | २०००/- |
| | बेर्ना रोपण | २ जना | ३५०/- | ७००/- |
| | गोडमेल, सिचाई | २ जना×३ पटक | ३५०/- | २१००/- |

| सि.नं. | विवरण | आवश्यक परिमाण | दर | रकम |
|---|---|---|---|---|
| ५ | थुँगा टिप्ने तथा माला तयारी | १५ जना | ३५०/- | ५२५०/- |
| ६ | विविध खर्च | | | १०००/- |
| | **जम्मा खर्च** | | | **१७,२५०/-** |
| जग्गा भाडामा लिनु परेमा भाडा वापत लाग्ने रकम खर्च रकममा जोडी हिसाव निकाल्नु पर्दछ। | | | | |

**आम्दानी विवरण**

| सि.न. | विवरण | उत्पादन परिमाण | दर | रकम |
|---|---|---|---|---|
| १ | १ बोट बाट सरदर | ३ वटा माला | २०/- | ६०/- |
| २ | १ रोपनीमा | ३६०० माला | २०/- | ७२,०००/- |
| | **जम्मा आम्दानी** | | | ७२,०००/- |
| ४ | जम्मा खर्च | | | १७,२५०/- |
| | **खुद आम्दानी** | | | **५४,७५०/-** |

* * * * * *

# ४.३ नर्सरी स्थापना तथा नर्सरी व्यवस्थापन

**फूल नर्सरीको स्थापना, नर्सरी व्यवस्थापन र स्थान छनोट नर्सरी भनेको के हो ?**

बीउ तथा बेर्ना रोपण गर्नका लागि थोरै जग्गामा गुणस्तरीय धेरै बिरुवाहरु उत्पादन गरी बिक्री वा आफ्नै प्रयोगका लागि योग्य बिरुवा बनाउने ठाउँलाई नर्सरी भनिन्छ ।

**नर्सरी स्थापना गर्दा ध्यान दिनुपर्ने कुराहरु :**



- नर्सरी राख्ने जग्गा घरको नजिक ।
- यातायातको सुबिधाभएको ठाउँमा ।
- सिंचाईको राम्रो प्रबन्ध ।
- निकासको व्यवस्था (पानी नजम्ने ठाउँ) ।
- घामलाग्ने पाहारिलो ठाउँ ।
- बार बन्देज प्रबन्ध ।
- प्लाष्टिक सेड हाउसको व्यवस्था ।

**नर्सरी स्थापना गर्दा तथा बेर्ना उत्पादनको लागि आवश्यक पर्ने सामाग्रीहरु**

- प्लाष्टिक सेड हाउस, घर
- कोकोपिट
- परलाईट
- मलिलो माटो वा जंगलको माटो
- बालुवा
- पतकर
- विभिन्न साइजको पोलिपट
- विभिन्न साइजको गमला

**फूलको नर्सरीको लागि प्लाष्टिक सेडहाउस/टनेल, ग्रिन हाउसको नितान्त आवश्यकता पर्दछ :**








**प्लाष्टिक सेड हाउसबाट हुने फाईदाहरु**

- बेर्नाको गुणस्तर राम्रो हुने ।
- बेर्ना चाँडै तयार गर्न सकिने ।
- झारपातको समस्यामा कमि ।
- रोग र कीराको प्रकोपमा कम ।
- बर्षाद अर्थात पानी पर्दा पनि नर्सरीमा काम गर्न सकिने ।
- प्रतिकुल वातावरणलाई अनुकल बनाउन सकिने ।
- बेमौसमा पनि सजिलैसंग बेर्ना तयार गर्न सकिने ।
- फूलको आवश्यकता परेको बेला फूलहरु फूलाउन सकिने ।

**गमला तथा पोलिपटको आवश्यकता :**

- द्रुतगतिले शहरीकरणको विकास ।
- जग्गाको कमी हुँदै गई रहेको ।
- सजावटमा सहयोग पुग्ने ।
- बेर्ना उत्पादनमा सहयोग पुग्ने ।
- ब्यापार गर्नमा सजिलो ।
- बेर्नाको मोर्टालिटी कम गर्न सकिने ।
- व्यवस्थापन गर्न सजिलो ।




**बेर्ना उत्पादनका लागि प्रयोग गर्न सकिने ठाउँ**

- जमीनामा ब्याड बनाएर
- प्लाष्टिक ट्रे, काठको ट्रे
- गमला

**बेर्ना उत्पादनमा ध्यान दिनुपर्ने कुराहरु :**

- ९८ प्रतिशत बीउ आयात हुने हुँदा शत प्रतिशत बीउ उम्रने गरी व्यवस्थापन गर्ने ।
- जरा तथा डाँठ कुहिने रोगको व्यवस्थापन गर्ने ।
- फूलका बीउ ज्यादै महँगो भएको कारणले बीउ खरिद गर्दा ध्यान दिनुपर्ने ।

**माटोको गमला साईज :**

- सानो साईज ८" × ८"
- मध्म साईज १०"× १०"
- ठुलो साईज १२" × १२"

**पोलिब्यागको साईज :**

- सानो साईज ४"× ६" र ५"×७"
- मध्म साईज ६"× १०"
- ठुलो साईज ८"× १२"

**नोट :** माटोको गमला भर्दा पिँधमा भएको प्वालको वरीपरी सा-सानो ढुङगा राख्नु पर्छ जस्ले गर्दा बढी भएको पानीको निकास र हावाको चलखेल राम्रो हुने हुँदा बिरुवा पनि सप्रिन्छ ।









**सिजन लफूलको लागि गमला/पोलिब्याग भर्न आवश्यक सामाग्रीहरु :**

१. जंगलको वा खेती नगरिएको ठाउँको माटो २ भाग

२. बालुवा १ भाग चालेको

३. राम्रो संग पाकेको प्राङ्गारिक मल १ भाग ।

४. पिना र हड्डीको धुलो १०० भागमा १ भाग

सबै सामाग्रीलाई एकै ठाउँमा राखी मिश्रण तयार गर्ने । माटोको मिश्रणलाई एक हप्ता छोपेर राखेपछि पोलिब्याग तथा गमलामा भर्न तयार हुन्छ ।





**नर्सरीमा तयार भएको बेर्ना पोलिपटमा सार्दा निम्न कुराहरुमा ध्यान दिनुपर्छ :**

- पन्चिङ्ग मेशिनको सहायताले पोलिलाई ६ देखि ८ वटा प्वाल बनाउनु पर्दछ ।
- पोलिको माथिल्लो भाग १ ईन्च जति पट्याई तयार गरिएको माटो भर्नु पर्दछ ।
- पोलिको पिंधको दुबै चुच्चोलाई बुढि औंलाले भित्र धकेल्नु पर्दछ ।
- यसरी माटो भरिएको पोलिको बिच भागमा एउटा पेन्सिल साईजको काठले बेर्ना सार्ने प्वाल बनाई राख्नु पर्दछ ।
- नर्सरीबाट तीन चार पाते भएको बेर्नालाई सिन्कोको सहायताले जरा नचुँडिने गरि निकाली बेर्ना सार्नु पर्दछ ।
- बेर्ना सारि सकेपछि झारीले पानी दिनु पर्दछ ।
- यसरी पोलिमा सारेको दिन देखि पन्ध्र बिस दिनमा बिक्रि लायक वा गमला सार्न लायक हुन्छ ।

**पोलिपटमा तयार भएको मौसमी बेर्ना गमलामा सार्दा निम्न कुराहरुमा ध्यान दिनुपर्छ :**

- हातमा गमला लिएर गमलाको पिंधमा प्वाल छ वा छैन हेर्नु पर्दछ ।
- गमलाको प्वालमा फुटेका टुक्रा वा पाताला ढुंगा राखि प्वाल छोप्नु पर्दछ ।
- प्वालसम्म सुकेको झारपात राखी गमलाको आधा भाग सम्म तयारी माटो भर्ने ।
- बाटा वा बाल्टीमा पोलिपट डुब्ने गरि पानी राख्ने ।

- पोलिपटमा तयार भएको बिरुवालाई पानी भएको बाटामा एक मिनेट डुबाउने ।
- पोलिमा भएको बिरुवाको फेदमा चोर औंला र माझी औंलाले च्याप्नु पर्दछ ।
- पोलिलाई घोप्टो पारी पोलि झिक्ने र बिरुवालाई माटोको डल्लो सहित गमलाको बिच भागमा रोप्नु पर्दछ ।
- त्यसपछि गमलाको बाँकी भाग माटोले भर्नु पर्दछ ।
- बिरुवा रोपि सकेपछि हल्का हजारीले पानी दिनु पर्दछ ।
- गमलामा आएको झारपात हटाई मल थोरै मात्रामा टपड्रेस गर्नु पर्दछ ।
- बहुबर्षिय बिरुवाहरु गमलामा रोपि फूलाउनका लागि बर्षमा तीन चार पटक तीन चार महिनाको फरकमा रसायनिक मल वा पिनाको घोल तथा जैबिक मलले टपड्रेस गरि रहनु पर्छ ।
- एक बर्ष पछि बिरुवाको साईज ठूलो भएमा अर्को ठूलो आकारको गमलामा फेर्नु पर्दछ ।
- गमला फेर्दा बिरुवा भएको गमलामा पानी राख्ने, बिरुवाको फेदमा समाउने र गमलालाई घोप्टो पारी गमला तान्दा सजिलैसंग आउँछ । बिरुवाको जरा धेरै बेरिएको रहेछ भने कुटाको सहायताले केही जरालाई हटाई ठूलो गमलामा राख्नु पर्दछ । अनि बाँकी भागमा माटो भर्नु पर्दछ ।




* * * * * *


भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
पुष्प बिकास केन्द्र
गोदावरी, ललितपुर
फोन नं. ०१-५१७४२६०




पुष्प विकास केन्द्र,गोदावरी
पुष्प उत्पादन तथा व्यवसाय प्रवर्द्धन विषयक


पुष्प उत्पादन तथा
ब्यवसाय प्रवर्द्धन बिषयक


ANNUAL & PERENNIAL
SEEDLINGS








